## पर्सागढी नगरपालिका

# आवधिक योजना

(आ.व.२०७५/०७६-२०७९/०८०)

## पर्सागढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### हरपुर, पर्सा

प्रदेश नं. २, नेपाल

| | |
|---|---|
| **दस्तावेज** | **आवधिक योजना दस्तावेज** |
| **प्रकाशक** | **पर्सागढी नगरपालिका, पर्सा, प्रदेश नं. २, नेपाल** |
| **सर्वाधिकार** | **प्रकाशकमा** |
| **प्राविधिक सहयोग** | **सामुदायिक विकास कार्यक्रम/विश्व खाद्य कार्यक्रम**<br>**Community Development Programme (CDP)/World Food Programme (WFP)**<br>सम्पर्क ठेगाना:<br>विश्व खाद्य कार्यक्रम (डब्लु एफ पी)<br>पो व.नं. १०७, चाकुपाट, ललितपुर<br>*सम्पर्क : +९७७ ०१-५२६०६०७/५२६०६९३*<br>***Website: www.wfp.org*** |
| **मिति** | **२०७५ असोज** |
| **वेभसाइट** | www.parsagadhimun.gov.np |
| **ईमेल** | ***parsagadhimun2075@gmail.com*** |

# विषय सूची

## परिच्छेद १
## परिचय


१.१ पृष्ठभूमी :........ १
१.२ योजना तर्जुमाको उद्देश्य........ १
१.३ कानुनी तथा नीतिगत व्यवस्था........ २
१.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया........ ३
१.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृती........ ३
१.४.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण........ ३
१.४.३ आवधिक योजना तर्जुमा गोष्ठी........ ३
१.४.४ योजना दस्तावेज तयारी, प्रमाणीकरण तथा अन्तिम दस्तावेज तयारी........ ४
१.५ सिमा........ ४


## परिच्छेद २
## वस्तुस्थिति विश्लेषण


२.१ नगरपालिकाको संक्षिप्त परिचय........ ५
२.२ विकासका लागि विगतका प्रयास र उपलब्धि........ ६
२.३ विषय क्षेत्रगत अवस्था विश्लेषण........ ६
२.३.१ आर्थिक विकास........ ६
२.३.२ सामाजिक विकास........ ८
२.३.३ पूर्वाधार विकास........ १०
२.३.४ वन वातावरण तथा विपद व्यवस्थापन........ १३
२.३.५ सुशासन तथा संस्थागत विकास........ १५


## परिच्छेद ३
## योजना अवधारणा तथा प्रारूप


३.१ नगर विकासको दीर्घकालिन सोच........ १८
३.२ लक्ष्य तथा उद्धेश्य........ १८
३.३ प्राथमिकता तथा रणनीतिहरू........ १८
३.४ नतिजा तालिका........ १८
३.५ नीति तथा कार्यनीति........ २९


## परिच्छेद ४
## कार्यान्वयन योजना


४.१ स्रोत अनुमान तथा प्रक्षेपण........ ३९
४.२ कार्यक्रम तथा योजना........ ४०
४.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट........ ५२
४.४ श्रोत परिचालन रणनीति........ ५३
४.५ आवधिक योजना कार्यान्वयन........ ५३
४.६ अनुगमन तथा मूल्यांकन........ ५३
अनुसूची १ः आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन खाका........ ५५
अनुसूची २ः नगरपालिकाका प्रमुख वस्तीहरु, जोखिम वस्ती तथा प्रमुख बजार केन्द्रहरु........ ६७
अनुसूची ३ः एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा........ ६९

# तालिका सूची


तालिका १: वडा अनुसार नगरपालिकाको क्षेत्रफल ....................................................... ५
तालिका २: भूमीको प्रकार अनुसारको क्षेत्रफल ....................................................... ५
तालिका ३ : आर्थिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ....................................................... ६
तालिका ४ : सामाजिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ....................................................... ८
तालिका ५ : पूर्वाधार विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ....................................................... ११
तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापन (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ....................................................... १३
तालिका ७: सुशासन तथा संस्थागत विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ....................................................... १५
तालिका ८: आवधिक योजनाको नतिजा तालिका ....................................................... १९
तालिका ९: प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट ....................................................... ३९
तालिका १०: आवधिक योजनाको नतीजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना ....................................................... ४०
तालिका ११ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट ....................................................... ५२
तालिका १२: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया ....................................................... ५४

# शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| अ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमी :

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं ऐनले तोके बमोजिम स्थानीय तहले पुरा गर्नुपर्ने योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको हो । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। योजना तर्जुमा सम्बन्धि यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका, हाल ऐन नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकताका आधारमा तोकिए बमोजिमको प्रकृया तथा ढाँचामा यो योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दाका बखत स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित पक्षलाई समेत मनन् गरिएको छ । यसैगरी ऐन बमोजिम योजना बनाउँदा प्राथमिकता दिनु पर्ने तोकिएका विषयहरूमा समेत विशेष ध्यान दिईएको छ ।

स्वीकृत कार्यविधि अनुसार नगरपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा नगर विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी पर्सागढी नगरपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७५/०७६-२०७९/८०) तर्जुमा गरिएको छ । नगर विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा बार्षिक नगर विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा नगर विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न नगर वस्तुगत विवरण समेत तयार भैसकेको छ । सो बमोजिम विषयगत सूचना तथा श्रोत नक्शा समावेश गरी नगर वस्तुगत विवरण तयार समेत गरिएको छ, जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहने छ ।

वर्तमान परिस्थतिमा नगर विकासको प्रयास एवं प्रक्रियाहरुलाई व्यवस्थित ढंगबाट दिशानिर्देश गर्न एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा यस पर्सागढी नगरपालिकाको लागि यो योजनाको तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगर क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

आवधिक योजना तर्जुमाका क्रममा यस नगरपालिकाको विकास प्रयासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी अवस्था सुधारका लागि दुरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएको छ। यस योजनाले समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि लक्ष्य किटान गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गर्नेछ । आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो आवधिक योजना नगरपालिकाको लागि महत्वपुर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँ/नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक नगर विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- नगरपालिकाको नेतृत्वमा नगरको एकीकृत, नतीजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवाला लाई एकै थलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- नगर विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकार वालाको चाहना तथा सहभागितात्मक छलफलका आधारमा नगर विकासको खाका तयार गर्ने
- नगर विकसको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने
- नगर विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतीजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्ने
- नगर विकासको अनुगमन तथा मुल्यांकनको खाका तय गर्ने

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा तथा स्थानीय कानून र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बृद्धिजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

पर्सागढी नगरपालिकाको आवधिक नगर विकास योजना देहाय अनुसारका सहभागितामूलक प्रकृया तथा विधि अवलम्बन गरी तर्जुमा गरिएको छ ।

### १.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृती

योजना तर्जुमाको पहिलो चरण अन्तर्गत विधायक समितिबाट पेश हुन आएको आवधिक योजना तर्जुमा कार्यविधि मस्यौदा पर्सागढी नगर कार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम आवधिक योजना तर्जुमा गर्ने निर्णय नगर कार्यपालिकाले गरेको छ । यस क्रममा नगर कार्यपालिकाले विश्व खाद्य कार्यक्रम अन्तर्गत सामुदायिक विकास कार्यक्रम तथा अन्य सहयोगी साझेदारहरुको सहयोग तथा सहजीकरणमा आवधिक योजना तर्जुमा गर्ने निर्णय गरेको हो ।

### १.४.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको नगरपालिकाको वस्तुगत विवरणको तयारी सम्पन्न भएको थियो । डिजिटल डाटा समाबेश गरिएको उक्त वस्तुगत विवरण तयारीका लागि विश्व खाद्य कार्यक्रमको सहयोग गरेको थियो । वस्तुगत विवरणमा भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुनेगरी तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### १.४.३ आवधिक योजना तर्जुमा गोष्ठी

तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम नगरपालिकाको आयोजना र सामुदायिक विकास कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा २०७५ साल असोज १४ देखि १६ गतेसम्म जम्मा ३ दिन आवधिक योजना तर्जुमा तयारी कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य सम्पन्न गरियो । कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, नगर विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संभावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, नगर विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गरिएको छ ।

यस क्रममा सबै विषयक्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको छ । नगरपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न नगरपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति,

कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नजितामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

### १.४.४ योजना दस्तावेज तयारी, प्रमाणीकरण तथा अन्तिम दस्तावेज तयारी

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेज मुख्य चार परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, साविकका गाविसहरुका आवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिस्ठ रुपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ । यस क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गदर्शन, नतीजामूलक योजना खाका र नगरपालिकामा सहमत ढाँचामा आवधिक नगर विकास योजना दस्तावेज तयार गरिएको छ। योजनामा राष्ट्रिय योजनाको ढाँचा, सूचक र लक्ष्य तथा दिगो विकासका लक्ष्य एवं खाका समेतलाई ध्यान दिइएको छ ।

यसरी नगरपालिकाले प्रस्तुत गरेको ढाँचा, सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई विषयगत रुपमा समूहगत छलफल र परामर्श गरी समूहको निश्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी योजना तयार गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी पर्सागढी नगरपालिकाको आवधिक योजनाको दस्तावेज तयार गरिएको छ ।

## १.५ सिमा

नगरपालिकाको नेतृत्व र नगर विकासका सरोकारवालाको सहभागितामा परामर्श तथा सहभागितामूलक छलफल विधिद्वारा तर्जुमा गरिएको आवधिक नगर विकास योजना स्थानीय तहको पुनसंरचना पछिको पहिलो आवधिक योजना हो । साविकका स्थानीय निकायमा लामो समयसम्म जनप्रतिनिधि बिहीन अवस्थामा रहँदा योजनाबद्ध विकासले गति लिन सकेको थिएन । लामो जनप्रतिनिधि बिहीन अवस्थाको अन्त्य गर्दै संघीय संरचना अनुरुप पुनर्गठित नयाँ नगरपालिकामा स्थानीय तह निर्वाचन २०७२ बाट जनप्रतिनिधि बहाल भएको अवस्थामा तर्जुमा भएको योजना विगतको योजना तर्जुमाका अभ्यास तथा स्थानीय सरकार सञ्चालन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ । योजनालाई सूचनामा आधारित, सहभागितामूलक र नतीजामूलक बनाउन अधिकतम प्रयास गरिएको छ । आवधिक नगर विकास योजना तर्जुमा प्रक्रियाले नगरपालिकाको नेतृत्वमा नगर विकासका सरोकारवाला हरुको पहिचान गरी, नगर विकासका गतिविधि र लगानीको नक्शांकन भएको छ ।

लामो अन्तराल पश्चात् जनप्रतिनिधि सहितको स्थानीय निकायको बहाली र तुलनात्मक रुपमा विगत भन्दा पर्याप्त श्रोत साधन प्राप्ति, तर, अपर्याप्त कार्यविधि निर्देशिका, सीमित जनशक्ति तथा क्षमताका बीचमा, भविष्यमा सुधार हुने आशामा यो योजना तर्जुमा गएिको छ र पूर्ण कार्यान्वयनको अपेक्षा गरिएको छ । यसै गरी यो योजनालाई नगरपालिका स्तरका विषयगत योजनाहरूको छाता योजनाको रुपमा प्रस्तुत गरी विषय क्षेत्रगत रणनीति योजना, राष्ट्रिय योजना तथा नीतिसँग तादात्म्यता कायम गरी कार्यान्वयनको अपेक्षा गरिएको छ । आवधिक योजनालाई सांकेतिक योजनाको रुपमा प्रस्तुत गरिएको छ, यद्यपि, आवश्यकताका आधारमा भौगोलिक तथा वार्षिक रुपमा समेत स्पष्ट गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद २
# वस्तुस्थिति विश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

पर्सागढी नगरपालिका प्रदेश नं. २ अन्तरगत पर्सा जिल्लामा अवस्थित नगरपालिका हो । पूर्णरुपले तराई भूभागमा अवस्थित यस नगरपालिका साविक बगबन्ना, विरुवागुठी, हरपुर, बागेश्वरी तितरौना, र पञ्चरुखी गाविस मिलाई गठन भएको हो । जम्मा ९ वटा वडामा विभाजित यस नगरपालिकाको क्षेत्रफल ९९.६९ वर्ग कि.मी. रहेको छ ।

समुन्द्री सतहदेखि ७५ मिटर देखि करिब ३०० मिटरसम्मको उचाईमा रहेको पर्सागढी नगरपालिका भौगोगिक अवस्थितिका हिसाबले २७ डिग्री ५ मिनेट ४९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री १४ मिनेट ८ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८४ डिग्री ४९ मिनेट ५१ सेकेन्ड पूर्वी देशान्तर देखि ८४ डिग्री ५७ मिनेट ९ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ। यस नगरपालिका पर्सा जिल्लाको जिल्ला सदरमुकामको उत्तरतर्फ अवस्थित रहेको छ। यस नगरपालिकाको पूर्व बेलवा गा.पा. पश्चिममा सखुवा प्रसोनी गा.पा., उत्तर पर्सा वन्यजन्तु आरक्ष र दक्षिणमा विरगञ्ज महानगरपालिका र बहुदरमाई गा.पा.सँग सिमाना जोडिएको छ। जिल्लाको कुल क्षेत्रफलको ७.३७ प्रतिशत भुभाग ओगटने यस नगरपालिकाको क्षेत्रफल ९९.६९ वर्ग किमि रहेको छ । नगरपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका १: वडा अनुसार नगरपालिकाको क्षेत्रफल

| वडा नं. | समाबेस साविक गाविस | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | बगवन्ना (७-९) | १७.३५ | १७.४० |
| २ | बगवन्ना (१-६) | १८.५० | १८.५६ |
| ३ | विरुवागुठी (१, ५, ६) | २४.९३ | २५.०१ |
| ४ | विरुवागुठी (२, ३, ४, ७-९) | १०.२६ | १०.२९ |
| ५ | पञ्चरुखी (१-९) | ७.०७ | ७.०९ |
| ६ | बागेश्वरी तितरौना (१, २, ५ र ६) | ६.०१ | ६.०३ |
| ७ | बागेश्वरी तितरौना (१, २, ५ र ६) | ३.८९ | ३.९० |
| ८ | हरपुर (१-५ र ९) | ७.८९ | ७.९१ |
| ९ | हरपुर (६-८) | ३.७९ | ३.८० |
| | जम्मा | ९९.६९ | १०० |

*श्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४*

नगरपालिकाको कुल क्षेत्रफलको ५८.८८ प्रतिशत क्षेत्र खेती भूमी रहेको छ । वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा जंगल र झाडी गरि करिव ३९ प्रतिशत रहेको छ । यहाँको मुख्य प्राकृतिक कोईलाभार वन क्षेत्र, आमोदेवी, गढीमाई र पर्सागढी प्रमुख सम्पदाहरु हुन् । विभिन्न साना खोला तथा निर्मित कूलो तथा नहरहरु सिंचाइको श्रोतको रुपमा रहेका छन् । नगरपालिकाको जमिनमा खेती गरिएको जमीन, जंगल, चरण क्षेत्र, बगर झाडी तथा पानीले ढाकेको क्षेत्र सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

### तालिका २: भूमीको प्रकार अनुसारको क्षेत्रफल

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती भूमी | ५८.६९ | ५८.८८ |
| २ | बन | ३३.४९ | ३३.६० |
| ३ | घाँसे भूमी तथा चरण क्षेत्र | ०.०३ | ०.०३ |
| ४ | ताल पोखरी | ०.८१ | ०.८१ |
| ५ | बलौटे जमीन | १.४८ | १.४८ |

| | | | |
|---|---|---|---|
| ६ | झाडी | ५.१९ | ५.२१ |
| | **जम्मा** | ९९.६९ | १००.०० |

*श्रोत: LRMP 1996, नापी विभाग*

## २.२ विकासका लागि विगतका प्रयास र उपलब्धि

नेपालको संविधान २०७२ अनुसार नयाँ संरचना अनुसार २०७३ फाल्गुणमा स्थानीय तह लागू भए पश्चात् यस नगरपालिकामा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु बहाल रहेका छन्। यस संक्रमणकालीन अवस्थामा अत्यन्तै कम समयावधिमा चालु आर्थिक वर्षको वार्षिक योजना तर्जुमा गरी लागू गरिएको पाईन्छ। प्रभावकारी रुपमा आवधिक तथा नतीजामुखि नगर विकास योजनाको थालनी हुन बाँकी नै रहेको देखिन्छ । यो अवस्थामा नतीजामुलक अनुगमन मुल्यांकन गरी उपलब्धिको व्यवस्थित अभिलेखनको समेत कमी रहेको पाईन्छ। यद्यपी विकासका लागि भएका प्रयत्न र त्यसबाट भएका उपलब्धि अनुमान गर्न सकिन्छ।

## २.३ विषय क्षेत्रगत अवस्था विश्लेषण

यस खण्डमा नगरपालिकाको समग्र विषयक्षेत्रगत अवस्थामा छलफल गरिएको छ। प्रमुख पाँच विषयक्षेत्रहरूः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासबारे सम्भावना तथा अवसर, समस्या तथा चुनौती र समाधानका उपाय तथा उपयोगका रणनीतिहरू छोटकरी देहाय अनुसार प्रस्तुत गरिएको छ।

### २.३.१ आर्थिक विकास

**यस शिर्षकमा** कृषि, पशु, पर्यटन, सहकारी तथा वित्तिय संस्था, उद्योग तथा व्यापार र खाद्य सुरक्षा आदि क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका ३ : आर्थिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

**क. कृषि विकासः**

नगरपालिका क्षेत्रमा सकृय कृषकहरुको अवस्था एवं संभावनालाई केलाउँदा व्यवसायिकतातर्फ कृषकहरुको संलग्नता बढिरहेको सन्दर्भ एकातिर देखिन्छ भने अर्कोतिर जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्ने सकिने संभावना रहेको देखिन्छ। कृषि विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - प्रसस्त खेती योग्य जमिन भएको<br>- कूल भूभागको ५८ प्रतिशत जमीनमा खेती भैरहेको<br>- नगरपालिकाका ४०६७ घरपरिवार खेती कार्यमा संलग्न रहेको<br>- वार्षिक २७९२५ मेट खाद्यान्न उत्पादन हुने गरेको<br>- ८ जना अगुवा कृषक, ४ जना जेटिए एवं ४ वटा सक्रिय कृषक समूहहरु रहेको<br>- नगरपालिका क्षेत्रमा तरकारी ५ वटा विक्रीस्थलकोस्थापना भएको<br>- कम्तिमा ५ वटा कृषि सहकारीहरु संचालनमा रहेको<br>- प्रसस्त आलु खेती हुने गरेको (करीव १०० विघा)<br>- खोला नदि किनारामा बेतवाँसको खेती गर्न सकिने | - खेतीका लागि उन्नत मल, वीउ तथा प्रविधिहरुको गुणस्तर कमसल हुनुका साथै पर्याप्त उपलब्ध नहुनु<br>- दक्ष कृषि प्राविधिक नहुनु<br>- वजार पूर्वाधारको कमी तथा वजारसंगको पहुँच र वजार संजाल विकास नहुनु<br>- व्यवसायिक खेती प्रणालीको अभ्यास नहुनु<br>- खाद्यान्न भण्डारण सुविधा नहुनु<br>- माटो परीक्षण गरी खेती गर्ने परिपाटी नहुनु<br>- वाली उपचार सेवा सुविधा पर्याप्त नहुनु<br>- कोल्डस्टोर नहुनु | - उन्नत मल, वीउ तथा बेर्नाको सुनिश्चित आपूर्तिका लागि कृषि सहकारीहरु मार्फत व्यवस्थित गर्ने<br>- एक वडा एक प्राविधिकको व्यवस्था गर्ने<br>- दक्ष एवं विशेषज्ञ सेवा संचालन गर्ने<br>- व्यवसायिक तरकारी खेती कार्यका लागि यान्त्रिकरण लगायतका सुविधाहरुमा प्रोत्साहन गर्ने<br>- व्यवसायिक कृषि फर्मको स्थापना र संचालनमा प्रोत्साहन गर्ने<br>- उच्च मोल जाने वालीको खेती कार्यलाई प्रवर्द्धन गर्ने<br>- आलु तथा खाद्यान्नको भण्डारण सुविधाको विकास गर्ने<br>- कृषि उपज संकलन तथा वजारीकरणका लागि वजार सम्बन्ध विकास तथा अन्य सुविधाको विकास गर्ने<br>- कृषकहरुको क्षमता विकासका कार्यक्रम संचालन गर्ने<br>- माटो परीक्षण कार्यलाई नियमित एवं प्रभावकारी गराउने<br>- खेतीवालीमा लाग्ने रोग कीराको नियन्त्रण कार्यक्रम संचालन गर्ने |

**ख.सिंचाई**

सिंचाई पूर्वाधार तथा आयोजना संचालनको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ७ वटा नदीनालाहरु रहेको र अस्थाई ढंगले सिंचाई भैरहेको<br>- ४ वटा डिपबोरिंग संचालनमा रहेको<br>- करीव १५०० वटा स्यालो ट्यूववेल रहेको<br>- १३०० हेक्टर जग्गामा सिंचाई सुविधा पुगेको<br>- सिंचाई उपभोक्ता समितिहरु क्रियाशील रहेको | - सिंचाइको लागि पूर्वाधारको अभाव<br>- नियमित मर्मत सम्भारको लागि श्रोत पर्याप्त नहुनु | - स्थानीय खोलानालाहरुमा तटवन्ध निर्माण गरी नहर संचालन गर्ने<br>- आवश्यक पर्ने स्थानमा डिपबोरिंग र स्यालो ट्यूववेल जडान कार्य गर्ने<br>- सिंचाई योजनाहरुको नियमित मर्मत सम्भारका लागि कोषको व्यवस्था गर्ने<br>- सिंचाई उपभोक्ताहरुको गठन एवं क्षमता विकास गर्ने |

## ग. पशु विकास

पशु विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - करीब २२८७ घरधुरी पशुपालन कार्यमा संलग्न रहेको<br>- व्यवसायिक पशुपालन कार्य शुरु भएको<br>- बन जंगल र चरन क्षेत्र प्रसस्त भएको<br>- वार्षिक १ हजारभन्दा बढी खसीबोकाको खरीदविक्री भैरहको<br>- दैनिक १० हजार लिटर दुध उत्पादन भैरहको<br>- २ वटा व्यवसायिक डेरी पसल सञ्चालनमा रहेको<br>- ४ वटा सार्वजनिक पोखरीहरुमा माछापालन भैरहेको<br>- कम्तिमा २० वटा व्यवसायिक कुखुरापालन फर्म संचालनमा रहेको | - आधुनिक एवं व्यवसायिक तवरले पशुपालन कार्य हुन नसकेको<br>- माछापोखरीहरु व्यवस्थित तवरले संचालन हुन नसकेको<br>- कुखुरापालन व्यवसायिक हुन नसक्नु<br>- दुग्ध उत्पादनमा विविधिकरण हुन नसक्नु<br>- पशुपालनका लागि उन्नत नश्लको कमी<br>- कृषकहरुमा व्यवसायिक सोचको कमी<br>- माछापालनका लागि भुरा तथा उपचार प्रणाली व्यवस्थित हुन नसक्नु<br>- व्यवसायिक क्षमता अभिवृद्धिमा कमी एवं लगानीका श्रोतको कमी (वित्तीय संस्थाको लगानी) | - व्यवसायिक पशुपालनको लागि प्रोत्साहनका कार्यक्रम गर्ने<br>- माछापोखरीहरुको संरक्षण एवं सुधारका कार्यक्रम संचालन गर्ने<br>- व्यवसायी बन्न चाहने तर लगानीका अभाव भएका कृषकलाई व्यवसाय सुहाउँदो कार्यक्रम बनाई अनुदानको व्यवस्था मिलाउने<br>- व्यवसायिक पशुपालनका लागि नश्ल सुधारका कार्यक्रम संचालन गर्ने<br>- दुग्ध उत्पादन, संकलन तथा प्रशोधनको कार्य स्थानीयस्तरमा संचालन गर्ने<br>- तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान शिप प्रदान गर्ने<br>- प्रत्येक वडामा एक जना पशु प्राविधिकको व्यवस्था गर्ने<br>- पशुधनको सुरक्षाको लागि पशु विमा कार्यक्रममा कृषकको सहभागिता बढाउने<br>- उन्नत घाँसका लागि व्यवस्थित चरणक्षेत्रको विकास गर्ने<br>- व्यवसायिक कुखुरापालनका लागि प्रोत्साहनका कार्यक्रम संचालन गर्ने |

## घ. उद्योग, व्यापार व्यवसाय

नगरपालिकामा स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ। उद्योग, व्यापार तथा व्यवसाय विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - १ ह्याचरी उद्योग संचालनमा रहेको<br>- ६ वटा ईटा उद्योगहरु रहेको<br>- करीव ४०० जनाले रोजगारीको अवसर प्राप्त गरेको<br>- करीव २०० वटा साना तथा खुद्रा पसलहरु संचालनमा रहेको<br>- २ वटा मुख्य बजार भएकोले सहरीकरण तर्फ उन्मुख (बडनिहार र मनवा) | - ठूला उद्योग सञ्चालनमा नरहेको<br>- उद्योग संचालनका न्यूनतम पूर्वाधारहरु नहुनु<br>- दक्ष जनशक्तिहरु नहुनु<br>- उद्योग स्थापनाका लागि लगानीको अभाव | - ठूला, मझौला तथा साना उद्योगको सम्भाव्यता हेरी सञ्चालनमा सहजीकरण गर्ने<br>- उद्योग स्थापनाकालागि आवश्यक पूर्वाधारको विकास गर्ने (सडक, औद्योगिक क्षेत्र स्थापना)<br>- विद्युतीकरणका लागि पैरवी गर्ने<br>- कृषिमा आधारित उद्योगहरुको स्थापना एवं संचालन गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - बेतवाँसमा आधारित उद्योगहरुको स्थापना एवं संचालन सकिने | | - स्थानीय उत्पादनको सहज वजारीकरणका लागि व्यवस्थित वजार पूर्वाधारको निर्माण गर्ने<br>- स्थानीय स्रोत र सीपमा आधारित व्यवसायको स्थापना एवं प्रवर्द्धनमा प्रोत्साहन गर्ने |

### ङ. पर्यटन

यस क्षेत्रमा उपलब्ध पर्यटकीय सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ४ वटा प्रमुख पर्यटकीय स्थल (आमोदेवी, कोईलाभार, गढीमाई र पर्सागढी) रहेको<br>- वार्षिक करीब १२ हजार आन्तरिक पर्यटकको आगमन हुने गरेको<br>- वन्यजन्तु पर्यटनको सम्भावना रहेको<br>- | - पर्यटनसंग सम्बन्धित सुविधाहरु ( पर्यटक गाईड, सूचना केन्द्र, आवास सुविधा, यातायात सुविधा आदि) नहुनु<br>- पर्यटकीय सम्भावना भएका क्षेत्र व्यवस्थित नहुनु<br>- स्थानीयवासी पर्यटन गतिविधिमा संलग्न नरहेको<br>- पर्यटन सम्बन्धि काम गर्ने सरकारी तथा गैरसरकारी निकायको अभाव | - पर्यटकीय क्षेत्रमा पर्यटनका पूर्वाधारहरु जस्तै होटल, बैंकिंग सुविधा, पर्यटन सूचना केन्द्रको विकास गर्ने<br>- स्थानीयस्तरमा पर्यटन सेवासंग सम्बन्धित जनशक्ति तयार गर्ने<br>- पर्यटकीय स्थलको विभिन्न माध्यमहरुको उपयोग गरी प्रचार प्रसार गर्ने<br>- होमस्टे संचालनका लागि क्षमता विकास एवं पूर्वाधार निर्माण सहित प्रवर्द्धन गर्ने |

### च. बैंक, वित्तीय तथा सहकारी

बैंक, वित्तिय सुविधा तथा सहकारीहरुको अवस्था विश्लेषण गर्दा उपलब्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - १ वटा वाणिज्य र ४ वटा अन्य बैंक रहेको<br>- ३२ सहकारी संस्था रहेको<br>- आंशिक रुपमा व्यावसायिक कार्यमा ऋणको उपयोग<br>- वित्तिय सुविधा गाउँस्तरसम्म विस्तार गर्न सकिने<br>- सहकारी ऐन पारित<br>- नागरिक सचेतना केन्द्रसंग करीव ४९ लाख र अन्य समूह तथा सहकारीहरुसंग पर्याप्त वचत रकम रहेको | - नगरपालिकाको २ वटा वजार क्षेत्रमा मात्र वित्तीय गतिविधि केन्द्रित हुनु<br>- व्यवसायिक कार्यमा ऋणको उपयोग हुन नसक्नु<br>- पूर्ण रुपमा व्यवसायिक सोच हुन नसक्नु<br>- बैंकमा रहेको वचत रकममा सहज पहुँच नहुनु (एटीम सुविधा नहुनु) | - कृषि, पशुपालन, पर्यटन एवं व्यापार व्यवसायमा लगानी बृद्धि गर्न बैंक तथा वित्तीय संस्थासंग पैरवी एवं समन्वय गर्ने<br>- सहकारीहरुको कारोवारमा एकरुपता ल्याउन प्रभावकारी नियमन गर्ने<br>- वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने<br>- स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमा बैंकलाई लगानीको लागि प्रोत्साहन गर्ने<br>- अनौपचारिक क्षेत्रमा रहेको वचत रकमलाई विधिवत कारोवारमा रुपान्तरण गर्न प्रेरित गर्ने |

## २.३.२ सामाजिक विकास

**यस शिर्षकमा नगरका** शिक्षा तथा मानव संसाधन, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आदि क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : सामाजिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)**

### क. शिक्षा तथा मानव संसाधन

नगरपालिका क्षेत्रको शैक्षिक अवस्था अन्तर्गत विद्यालय एवं क्याम्पस, अध्ययनरत विद्यार्थीको संख्या तथा स्तर, शिक्षक विवरण र भौतिक संरचनाहरुको अवस्था, स्तर वृद्धिको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - १ वटाक्याम्पस संचालनमा रहेको<br>- ३० वटा विद्यालय (मावि ३, २७ वटा आधारभूत)<br>- आंशिक गुणस्तरीय विद्यालय भवन रहेको<br>- साक्षरता दरमा वृद्धि भईरहेको<br>- शिक्षक दरवन्दी रहेको | - विद्यार्थी अनुपातमा शिक्षकको कमी<br>- गुणस्तरीय शिक्षण विधि नभएको<br>- बालमैत्री चर्पी र खानेपानी नहुनु<br>- भौतिक पुर्वधार पर्याप्त नहुनु<br>- शैक्षिक सामाग्रीमा कमी<br>- निरक्षरताको संख्या धेरै भएको<br>- नगर शिक्षा ऐन नभएको<br>- प्राविधिक शिक्षाको अभाव<br>- कार्यप्रति शिक्षक जिम्मेवार नहुनु<br>- स्नातकोतर शिक्षणको व्यवस्था नहुनु<br>- दरबन्दी अनुसार शिक्षक नभएको | - विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्ने<br>- शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको क्षमता वृद्धि गर्ने<br>- विद्यालयहरुलाई बालमैत्री बनाउन पहल गर्ने<br>- प्रत्येक विद्यालय तथा वडामा पुस्तकालय निर्माणको लागि स्थानीय तहले पहल गर्ने<br>- प्रौढ, अनौपचारिक जीवन उपयोगी शिक्षामा पहल गर्ने<br>- प्राविधिक शिक्षालय स्थापना गरी सञ्चालन गर्ने |

## ख. आधारभुत स्वास्थ्य

नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ५ वटा स्वास्थ्य स्वास्थ्य केन्द्र र १ वटा प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको<br>- सम्पूर्ण वडामा वर्थिङ्ग सेन्टर सञ्चालन भईरहेको<br>- ३ वटा एम्बुलेन्स सञ्चालन गरी २४ घण्टा सेवा प्रवाह<br>- प्रत्येक वडामा स्वास्थ्य संस्था सञ्चालन<br>- ३ वटा MBBS डाक्टरको दरबन्दी रहेको | - स्वास्थ्य क्षेत्रमा भौतिक पूर्वाधार तथा वातावरणको अभाव<br>- औषधीको पूर्ण व्यवस्थापनमा कमी<br>- स्वास्थ्य सम्बन्धी जनचेतनाको कमी<br>- सञ्चालन समितिको दुरदृष्टिमा कमी<br>- अस्पताल सेवाको लागि बिरगञ्ज पुग्नु पर्ने<br>- स्रोत साधनको अभाव<br>- स्वास्थ्य सेवामा जनताको पहुँचमा कमी<br>- डाक्टरहरु बस्न नमान्ने | - स्वास्थ्य चौकी भवन निर्माण तथा उपकरण खरिद गरी पूर्वाधार व्यवस्थानलाई प्रभावकारी बनाउने<br>- आवश्यकता अनुसारको औषधीको व्यवस्था गर्ने<br>- जाँच भएको रोगको प्रचार प्रसार गर्ने<br>- २५ बेडको अस्पताल स्थापनाका लागि पहल गर्ने<br>- सञ्चालक समितिको भूमिकालाई प्रभावकारी बनाउन नयाँ व्यवस्था लागु गर्ने<br>- दरबन्दी अनससार डाक्टरको व्यवस्था तथा बस्ने वातावरण तयार गर्ने |

## ग. खानेपानी तथा सरसफाई

नगरपालिका क्षेत्रभित्रको खानेपानी सुविधा, शौचालयको अवस्था एवं फोहर व्यवस्थापनको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - मुहानको पानी उपलब्ध छ<br>- सबै घरधुरीमा भूमिगत जलस्रोत रहेको<br>- फोहलमैला व्यवस्थापनको लागि ठाउँ प्रसस्त रहेको | - मुहानको पानीलाई खानेपानीको रुपमा प्रयोग गर्न नसकिएको<br>- भूमिगत जलस्रोतमा आइरन र आर्सेनिकको मात्रा बढी<br>- अव्यवस्थीत शहरीकरण तथा बसोबासले सरसफाईमा समस्या<br>- जनचेतनाको अभाव | - मुहान पानीको संरक्षण र व्यवस्थापन गर्ने<br>- वैज्ञानिक वितरण गर्ने<br>- पाइपलाइनबाट वितरित खानेपानीका आयोजनाहरु सञ्चालनमा जोड दिने<br>- उपयुक्त स्थानको खोजी गरी दीर्घकालीन रुपमा फोहर व्यवस्थापन गर्ने<br>- सफा नगर बनाउन सरसफाई अभियान सञ्चालन गर्ने |

## घ. सामाजिक समावेशीकरण तथा सुरक्षा

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत समावेशीकरण तथा सामाजिक सुरक्षा उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - १० महिला समुह, ८ निगरानी समुह, १ महिला संस्था सञ्चालनमा रहेको<br>- विपन्न एकल तथा हिंसा पिडित महिला बाल बालिका सम्बन्धि कार्यरत संघ संस्था रहेको<br>- न्यायिक समिति क्रियाशिल रहेको<br>- ५८ वटा बालक्लव, १० वटा बाल सञ्जाल, क्रायशिल<br>- बालमैत्री नगर घोषणा गर्ने प्रतिबद्धता रहेको<br>- अपाङ्ग तथा फरक क्षमता भएको व्यक्तिहरु रहेको<br>- नगरपालिकाको वार्षिक कार्यक्रममा जेष्ठ आरोग्य केन्द्र निर्माण स्थान छनौटको लागि बजेट विनियोजन<br>- | - प्रत्येक वडाको प्रत्येक टोलमा बस्ती स्तरीय समिति, निगरानी समुह नभएको<br>- महिला तथा बाल बालिका हिंसा कायमै रहेको<br>- जनचेतनाको कमी, कार्यन्वयन प्रकृयाको कमी<br>- न्यायीक समिति क्रियाशिल रहेको संस्थागत<br>- गरिव विपन्न तथा एकल महिलाहरुको आय आर्जन, गरिबी न्युनीकरण तथा शसक्तिकरण सम्बन्धी कार्यक्रमका् अभाव<br>- पुर्नस्थापना गृहको अभाव न्यायीक समिती संस्थागत नहुनु<br>- बाल संरक्षण समितिहरु स्थापित हुननसक्नु<br>- नगरपालिका क्षेत्रको सम्पुर्ण आपङ्गता र फरक क्षमता भएको व्यक्तिहरुको यकिन तथ्याङ्क उपलब्ध नभएको<br>- जेष्ठ नागरिक मैत्री भवन निर्माण तथा कार्यक्रमहरु संचालनमा समस्या | - प्रत्येक वडाको प्रत्येक टोलमा समुह समिति निगरानी समुह गठन गर्नु पर्ने<br>- प्रत्येक वडामा १ वटा महिला संस्था हुनुपर्ने<br>- जनचेतना मुलक प्रयाप्त मात्रमा हुनु पर्ने<br>- महिलाहरुको लागि सिप विकास, आय आर्जन तथा गरिबी न्युनिकरण्को लागी कार्यक्रम सञ्चालन<br>- हिंसा पिडितहरुको लागी पुर्नस्थापना गृह निर्माण<br>- न्यायिक समितिलाई संस्थागत गर्नुपर्ने<br>- कानुनी सल्लाहकार व्यवस्थापन हुनु पर्ने<br>- न्यायिक समितिका पदाधिकारीलाई क्षमता विकाश तालिम सञ्चालन गर्ने<br>- बालक्लब, बालसंजाल हरुको पुर्नगठन तथा अनुगमन<br>- जनचेतनामुलक कार्यक्रमहरु पर्याप्त हुनु पर्ने<br>- बालमैत्री घोषणाको लागि पर्याप्त क्रियाकलाप संञ्चालन<br>- अनाथ तथा जोखिमयुक्त बालवालिका संरक्षणको लागि कोष स्थापना गर्ने<br>- सवै वडा र नगरस्तरमा वालसंरक्षण समिति गठन हुनु पर्ने<br>- अपाङ्गमैत्री लक्षित कार्यक्रमहरु सञ्चालन<br>- जेष्ठ नागरिक तथा आरोग्य केन्द्र तथा मनोरञ्जन स्थल निर्माण गर्ने<br>- जेष्ठ नागरिक संरक्षणको लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने |

### ङ. युवा तथा खेलकुद

सामाजिक विकास अन्तर्गत युवा तथा खेलकूद उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - खेलमैदान निर्माणका लागि प्रयाप्त जमिन रहेको<br>- युवा जमातमा बृद्धि भईरहेको | - स्थानीयस्तरमा युवा तथा खेलकुद सम्बन्धी निति, कानुन तथा संरचनाको अभाव<br>- खेलकुद मैदान निर्माणका लागि ऐलानी जमिन मासिदै गएको<br>- बेरोजगारीको कारणले युवा पलायनमा बृद्धि<br>- प्राविधिक ज्ञानको कमी | - युवा स्वरोजगार वृद्धिमा जोड दिने<br>- रोजगार सम्बन्धी प्रयाप्त सूचना प्रवाह गर्ने<br>- स्वयंसेवा बानीको विकास गर्ने<br>- CTEVT बाट माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा लागु गर्ने |

### च. कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत कला सँस्कृति र मेलमिलाप उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - थारु, भोजपुरी, नेवारी, भाषा संस्कृतिको विविधता र समिश्रण रहेको | - भाषा सँस्कृतिबारे अध्ययन अनुसन्धामा कमी<br>- भाषाहरुको प्रयोगमा क्रमश ह्रास<br>- साँस्कृतिक कार्यक्रमहरुमा कमी | - स्थानीय भाषाको प्रयोगमा बढावा दिने<br>- अध्ययनको लागि पुस्ताकलयमा कितावको व्यस्था<br>- स्थानीयस्तरमा मिडियाको प्रयोगमा जोड दिने<br>- समय सापेक्ष कार्यक्रम सञ्चालन<br>- विधुतिय प्रणालीको प्रयोग<br>- नयाँ पुस्तालाई व्यवसायिक कार्यक्रममा संलग्नता |

## २.३.३ पूर्वाधार विकास

भौतिक तथा सार्वजनिक पूर्वाधार विकास कार्य नगरपालिकाको समग्र विकासका लागि अपरिहार्य रहेको हुन्छ । यसमा मूलतः बाटोघाटो, भवन, सिंचाई तथा नदी नियन्त्रण संरचना, संचार प्रणाली, बैंक तथा वित्तिय संस्था आदि पर्दछन् ।

नगरपालिकाको सडक तथा पुल, झोलुंगे पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका ५ : पूर्वाधार विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

### क. सडक, पुल र यातायात

पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| **१४.८५ कि.मि. पक्की सडक**<br>- जनता सडक भेडाहा चोक देखी मनुवा सम्म (९ कि.मि.)<br>- गण्डक नहर पचरुखी हरपुर वर्णिहार सडक (४ कि.मि.)<br>**७६.८७ सडक ग्राभेल रहेको ग्राभेल सडक रहेको**<br>- कोइलाभार पेट्रोल पम्प देखी कोइलाभार माइ मन्दिर सडक (२.०७ कि.मि.)<br>- हरपुर सुखीपुल हुँदै पर्सागढी स्थान वागेव्यवरी सडक (४.२ कि.मि.)<br>- टिकुलिया फुलवरिया हुँदै झोडा खोला कल्भर्ट सडक (३.२० कि.मि.)<br>- चैनपुर तिलावे मसहीमाई, सिंगायाही पंचरुखी सडक ( २.८८ कि.मि.)<br>- वाग्वाना टोल देखी गोडपस्रा हुँदै लुटाहा सडक (२.८ कि.मि.)<br>- वाग्वाना खेखरिया झोंगड छतिवन टाँडी कर्जनिहा सडक (२.४ कि.मि. सडक)<br>- थरुहट सडक वाहेक अन्य सडकहरुमा सार्वजनिक सवारी साधन संचालन भैरहेको<br>- ४१.६९ कि.मि. धुले सडक रहेको<br>**३ वटा सडक आरसिसि पुल रहेको**<br>- जनता सडक, वडा नं. ४ आमोदेवी सवैया, वडा न. ३ वर्णिहार, वडा न. ९ सिंगयाही,<br>- थरुहट सडकको तिलावे खोला, वडा नं. ९ ऐक्टाँगामा निर्माणाधिन रहेको<br>- २२ वटा पक्की कल्भर्ट रहेको (वडा नं. १ मा ३ वटा, २ मा ४ वटा, ३ मा ५ वटा, ४ मा २ वटा, ५ मा १, ६ मा २ वटा, ७ मा ३, ८ मा १ र ९ मा २ वटा)<br>**झोलुङ्गे तथा ट्रस पुल**<br>- वडा नं. ६ तित्रौना, तिलावे खोला | **पक्की सडक**<br>- नपाले तोकेको मापदण्ड अनुसार सडकको चौडा नभएको<br>- बजारमा सडक नाला तथा पानी निकास नभएको<br>- जेब्रा क्रसिङ्ग, वसस्टायाण्ड, पार्किङ्ग, सडक पेटी नभएको<br>- जनता सडक वाहेक अन्य सडकमा ठाउँ ठाउँमा सडक अधिकार क्षेत्र मिचिएको<br>- सडकहरुको नियमित, आकस्मिक, आवधिक मर्मत संभार नभएको<br>- आवश्यक ठाउँमा पुल तथा कल्भर्ट र कजवे नभएको<br>**ग्राभेल सडक**<br>- अनुसार सडक चौडा नभएको र मोडहरु नमिलेको<br>- पानी निकासको लागि नाला नभएको<br>- सडकहरुको नियमित, आकस्मिक, आवधिक मर्मत संभार नभएको<br>- ठाउँठाउँमा पुल तथा कल्भर्ट र कजवे नभएको<br>- सार्वजनिक यातायात चालु नभएको<br>- सडकहरु मिचिएको | १. बार्षिक ७.५ कि.मि. का दरले A Type का ३७.६५ कि.मि. सडक पिच गर्ने<br>- जनता सडकको मुख्य बजारमा नाला निर्माण गर्ने र सडक चौडा बनाउने<br>- गण्डक नहर पचरुखी हरपुर वर्णिहार सडक ( ८.५ कि.मि.)<br>- थरुहट सडक (७.८ कि.मि)<br>- वहुदरमाई सिमाना देखी वागेश्वरी एकटाँगा तेलिया हुँदै मनुवा बजार सडक (९.२४ कि.मि.)<br>- ट्रयाक सहित लिन्क रोड निर्माण गर्ने<br>- चैनपुर तिलावे मसहीमाई, सिंगायाही पंचरुखी सडक ( २.८८ कि.मि.)<br>- हरपुर सुखीपुल हुँदै पर्सागढी स्थान वागेव्यवरी सडक (४.२ कि.मि.)<br>२. B र C Type का सडकहरु ५७ कि.मि. सहायक संरचना सहित नियमित र आवधिक मर्मत संभार गर्ने<br>३. प्राथमिकता अनुसार बार्षिक ८ कि.मि.का दरले सहायक संरचना सहित ४१.६९ कि.मि. धुले सडकलाई ग्राभेल गर्ने<br>४. जनता सडक वाहेक A Type का सडकहरुको डिपिआर तयार गर्ने<br>५. यातायात गुरुयोजना अद्यावधिक गर्ने<br>**पक्की पुल तथा कल्भर्ट निर्माण गर्ने**<br>- जनता सडकको फन्टीखोला, मेघाखोला, फोकाहा खोलामा ३ वटा<br>- थरुहट सडकमा फन्टीखोला, फोकाहा खोला २ वटा<br>- १७ स्थानमा स्ल्याव कल्भर्ट, ११ स्थानमा कजवे र १८ स्थानमा पाइप कल्भर्ट निर्माण गर्ने<br>**झोलुङ्गे पुल (३ स्थानमा) निर्माण गर्ने**<br>- वडा नं. ६ तिलावे खोलामा<br>- वडा नं ६ को मसईमाई थान जाने बाटोमा<br>- कटहरिया देखी उत्तरतर्फ जाने भरौदा खोलामा |

### ख. आवास, वस्ती भवन र बजार

पूर्वाधार विकास अन्तर्गत आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - मनुवा, वनिहार, वहुअरवा, वर्वा छोटेली बजार केन्द्र रहेको तथा बजार विस्तार र व्यवस्थापन क्षेत्र रहेको<br>- वडा १, ३, ५, ८ सामान्य अवस्थामा हाटबजार संचालनमा रहेको<br>- नगर कार्यपालिकाको कार्यालय भाडामा संचालन रहेको<br>- वडा नं. १, ३, ५, ६ र ८ मा आफ्नै भवनमा वडा कार्यालय संचालनमा रहको<br>- नगरपालिकाको मापदण्ड तयार गरी पुराना घरहरुको अभिलेखिकरण र नयाँ बन्ने घरहरुको नक्शा पास कार्य भैरहेको<br>- वडा न. १ र ९ को मनुवामा बसपार्क निर्माण लागि संभाव्यता अध्ययन भएको<br>- वडा नं. १ को मनुवामा सार्वजनिक शौचालय रहेको<br>- वडा नं. ५, ६, ७ र ८ मा वस्तीहरु एकीकृत रहेको<br>- भूउपयोग नीति अनुसार जोनिङ्ग गरी पर्यटकीय, औद्योगिक, आवास व्यापारिक क्षेत्र, वन क्षेत्र निर्धारण भएको<br>- भवन निर्माण मापदण्ड तथा निमयाली तर्जुमा भएको<br>- भवन नक्शापास तथा भूकम्प प्रतिरोधी प्रविधि र निर्माण बारे नगरसबीमा जानकारी कमी रहेको<br>- १२ वटा सामुदायिक भवनहरु रहेको (वडा नं. १ मा १, २ मा २ वटा, ३ मा २ वटा, ४ मा ३ वटा, ५ मा २ वटा, ७ मा १ वटा र ८ मा १ वटा रहेकों | - सडक नाली तथा पानी निकासको व्यवस्था नभएको<br>- सडक चौडा नभएको र सडक अधिकार क्षेत्र अतिक्रमण भएको<br>- वसस्टायण्ड र पाकिङ्गको व्यवस्था नभएको<br>- बजार केन्द्रमा सार्वजनिक शौचालय नभएको<br>- बजार केन्द्रमा बजार सेड, संकलन तथा वितरण केन्द्र, सार्वजनिक शौचालय, सडक तथा पार्किङ्गको व्यवस्था नभएको<br>- एकीकृत सेवा प्रवाहकोलागि नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्रको भवन कमी रहेको<br>- असुरक्षित स्थानमा बसोबास रहेको<br>- सामुदायिक भवन र सुरक्षित आश्रयस्थलको कमी रहेको | - जमीनको बनौट तथा भूउपयोग संभाव्यताको आधारमा नीति तथा योजना तर्जुमा गर्ने<br>- पानी निकास नाली, वस स्ट्याण्ड, पाकिङ्ग, सार्वजनिक शौचालय, हरियाली र खुल्ला स्थान सहित बजार व्यवस्थित गर्ने<br>- हरियाली तथा मनोरञ्जन पार्क, पिकनिक स्थल निर्माण गर्ने (कोइलाभार, पर्सागढी, आमोदेवि मन्दिर क्षेत्र)<br>- विपन्न समुदायका लागि जनता आवास कार्यक्रम विस्तार गर्ने<br>- सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने<br>- एकीकृत सेवा प्रवाहसहितको नगर कार्यपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गर्ने<br>- वस्ती/वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माण गर्ने<br>- प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बनन्धी तालिम प्रदान गर्ने<br>- नक्शा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गर्ने<br>- बजारमा पर्यटकका लागि धर्मशाला तथा होटेल स्थापना र संचालन गर्ने<br>- संभाव्यता र समुदायको सहभागिताको आधारमा जग्गा एकीकरण गरी एकीकृत वस्ती प्रवर्धन गर्ने |

पर्सागढी नगरपालिकाका प्रमुख वस्तीहरू, जोखिम वस्ती तथा प्रमुख बजार केन्द्रहरू सम्बन्धी विवरण **अनुसूची २** मा उल्लेख गरिएको छ ।

## ग. विद्युत तथा वैकल्पिक उर्जा

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ९५ प्रतिशत घरपरिवारमा विद्युत उपलब्ध रहेको<br>- लगभग ३००० वटा सडक तथा सार्वजनिक वत्ती रहेको<br>- २०० घरधुरीमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको<br>- घरपरिवारमा सुधारिएको चुल्हो उपलब्ध रहेको<br>- नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा, विद्यालय, स्वास्थ्य चौकीमा पावर व्याकअपको व्यवस्था रहेको | - सबै वस्तीमा विद्युत सेवा उपलब्ध नरहेको<br>- विद्युत लाइन भोल्टेज क्षमता कम रहको<br>- ट्रान्सफर्मरको क्षमता र संख्यामा कमी रहेको<br>- विद्यत लाइनको पोल तथा तार जिर्ण भएको<br>- सिंचाईमा प्रयोगको लागि विद्युतको लाइन र ट्रान्सफर्मरको क्षमता कम भएको | - विद्युत नपुगेको स्थान विद्युत सेवा पुऱ्याउने<br>- ट्रान्सफर्मरको संख्या थप गर्ने तथा क्षमता बृद्धि गर्ने<br>- जिर्ण पोल र तार मर्मत गर्ने<br>- वैकल्पिक उर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने<br>- सोलार प्रणालीमा आधारित सोलार बत्ती जडान गर्ने |

## घ. सूचना र संचार प्रविधि

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
| --- | --- | --- |
| - नगर कार्यपालिकामा ५ MBPS क्षमताको इन्टरनेट सुविधा उपलब्ध रहेको<br>- मोवाइल फोन र इन्टरनेट सुविधा उपलब्ध रहेको<br>- ४१ प्रतिशत जनसंख्यामा मोबाइल सुविधा उपलब्ध रहेको (लगभग सबै घरधुरीले मोवाइल फोन उपलब्ध रहेका<br>- नगर गतिविधि, जानकारी विरगञ्जबाट प्रकाशन हुने पत्रपत्रिका र एफएमबाट प्रसारण भैरहेको<br>- नगरपालिका इन्टरआक्टिभ वेवसाइट संचालन भएको र फेकबुक तथा ट्विटर संचालनमा रहेको<br>- सवै स्थानमा मोवाइल सेवा सुचारु रहेको<br>- नगरपालिकाको श्रोत नक्शा तथा विषय क्षेत्र सूचना सहित डिजिटल प्रोफाइल तयार भएको | - ल्याण्डलाइन सुविधा उपलब्ध नभएको<br>- विटिएस टावर संख्या कम रहेको तथा क्षमता कम भएको<br>- सवै स्थानमा मोवाइल सेवा सुचारु नभएको<br>- मोवाइल टावरमा व्याक अप सुविधा नभएको<br>- इन्टरनेट सेवाको गुणस्तर कमजोर रहको<br>- वडा कार्यालयहरुमा इन्टरनेट सुविधा नभएको | - नगरपालिकामा इन्टरनेट क्षमता २० देखी ५० MBPS वृद्धी गर्ने<br>- ल्याण्डलाइन टेलिफोन जडान गर्ने र टेलिफोन टावरको संख्या र क्षमता बृद्धि समन्वय गर्ने<br>- पदाधिकारी तथा कर्मचारीका लागि डिजिटल साक्षरता कार्यक्रम संचालन गर्ने<br>- विकास बुलेटिन प्रकाशन गर्ने (अर्धबार्षिक)<br>- रेडियो तथा टेलिभिजन मा पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम संचालन गर्ने<br>- वडा कार्यालयमा इन्टरनेट सुविधा जडान गर्ने<br>- नगर कार्यपालिका कार्यालयमा डिजिटल नोटिस वार्डको व्यवस्था गर्ने<br>- विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाह गर्ने<br>- नगर कार्यपालिका कार्यालय , वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गर्ने |

## २.३.४ वन वातावरण तथा विपद व्यवस्थापन

यस शिर्षकमा नगरका वन तथा जैविक विविधता, विपद व्यवस्थापन र वातावरण क्षेत्रका सम्भावना तथा अवसर, उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापन (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)**

**क. बन र जैविक विविधता**

वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरगत वन तथा जैविक विविधता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
| --- | --- | --- |
| - सार्बजनिक, ऐलानी तथा गुठीको गरी जम्मा ५१९ विघा जग्गा।<br>- साझेदारी बन क्षेत्र ३३.४९ बर्ग कि.मि ( वडा नं. १, २, ३, ४)<br>- धार्मिक बन ६१ हेक्टर ३ वटा (आमोदेवी ३, बरहनीया शिव मन्दिरको अगाडी, वडा नं. २ मा, कोईलाभार १)<br>- निजी बन २२ विघा (वडा नं. ४ र ५)<br>- खोलानाला ७ वटा (सिंगहायी, तिलावे, फन्टी, भेडाहा, बागबना,मेघा, कोकाहा)<br>- विभिन्न प्रजातीका चराचुरुगी तथा जनावरहरुको बासस्थान रहेको (कोईली, सुगाा, सारौ, ढुकुर, मयूर, गिद्ध, बन कुखुरा, भूडी फोर, पानी हांस, चितुवा, हात्ती, हरिण, मृग, स्याल, दुम्सी, बाघ, नील गाई, बदेल, घोड गधा, गैंडा, अर्ना भैंसी)<br>- ईटा भट्टा ५ वटा (वडा नं. ५ र ७)<br>- जडीबुटी (६१ हेक्टर) उपलब्ध भएको।<br>- पिकनिक स्पोर्ट वडा नं. १ र ३ ( कोईलाभार र आमोदेवी)<br>- साझेदारी बन व्यवस्थापन समिति रहेको। | - साझेदारी बनको लाभ नगरबासीले उपभोग गर्न नपाएको।<br>- ऐलानी जग्गाको पहिचान नभएको।<br>- खोलानालाबाट बस्ती ( भेडाहा र सिगाहायी) तथा खेतीयोग्य जमीन (फन्टी) डुबानमा पर्ने।<br>- बन अतिक्रमण, काठ दाउरा चोरी तस्करी हुने।<br>- बन क्षेत्र हेर्ने प्राविधिक नरहेको।<br>- बन्यजन्तुको अनियन्त्रित प्रवेशले खेतीपाती नष्ट।<br>- सक्रिय समिति छैन।<br>- जडीबुटीको लागि बजार पहिचान छैन।<br>- प्राविधिकको कमी।<br>- सहकार्यको कमी।<br>- नर्सरी नहुनु। | - ऐलानी जग्गाको पहिचान गरी त्यसको व्यवस्थापन गर्ने।<br>- वन व्यवस्थापन समितिसंग समन्वय गरी बन अतिक्रमण, रुख कटान तथा चोरी निकासीलाई रोक्ने।<br>- नदीको दुबै किनारामा तटबन्धन गर्ने।<br>- पिकनिक स्पोर्टको प्रर्वद्धन तथा व्यवस्थापन गर्ने।<br>- बन्यजन्तु तथा चराचुरुगीको बासस्थानको व्यवस्थापन गर्ने।<br>- जडीबुटीको उत्पादन, संकलन तथा प्रशोधन गर्ने।<br>- जडीबुटी संरक्षणका लागि जनचेतना कार्यक्रम संचालन गर्ने।<br>- प्राकृतिक चिडियाखाना बनाउने।<br>- निजी बनको पैदावारको विक्रि वितरण प्रणालीमा सुधारात्मक नीति अबलम्बन गर्ने।<br>- वन (सामुदायिक र निजी ) संरक्षणको लागि नीति नियम बनाइ कायर्नव्यन गर्ने<br>- खाली स्थानमा वृक्षारोपण गर्ने।<br>- नदि नियन्त्रण गर्न क्रेटिङ र बाध निर्माण र बृक्षारोपण गर्ने।<br>- उचित नर्सरीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने। |

## ख. भूमि तथा जलाधार संरक्षण

वन, वातावरण तथा विपद्अन्तरगत भू तथा जलाधार वयवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सिमसार क्षेत्र ८० विघा (वडा नं. १, २, ३ ४, ६, ७ र ९)<br>- सार्बजनिक पोखरी ६ वटा (वडा नं. २, ३, ४, ५, ६ र ७)।<br>- निजी पोखरी १६५ वटा (६५ हेक्टर)।<br>- ३० वटा कच्ची र पक्की बाँध रहेको। | - सिमसार क्षेत्रको उचित प्रयोग र हेरचाह छैन।<br>- सार्वजनिक पोखरीको व्यवस्थापन र संचालन नभएको।<br>- कच्ची बाँध निर्माण र मर्मतमा बर्षेनी मानवीय तथा आर्थिक स्रोतको नोक्सान भएको।<br>- बाँध भत्कदा नदी गहिरो हुनुको साथै खेतीयोग्य जमीन कटान हुँदै गएको। | - सार्बजनिक पोखरी तथा सिमसार क्षेत्र व्यवस्थापन गर्ने।<br>- व्यावसायिक माछा तथा भूरा उत्पादनको लागि पकेट क्षेत्र घोषणा गर्ने र कार्यान्वयन गर्ने ।<br>- सार्वजनिक तथा निजी पोखरीको व्यवस्थापन गर्ने, व्यावसायिक हाँस पालनमा जनचेतना बृद्धि गर्ने, हाँस पालनमा जोड दिने।<br>- पक्की बाँध निर्माण गरी सिंचाईलाई व्यवस्थित गर्नुपर्ने।<br>- सिमसार र पोखरीवाट सिंचाईको व्यवस्थापन गर्ने।<br>- जलधार तथा भुमी संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने। |

## ग. वातावरण तथा स्वच्छता

वन, वातावरण तथा विपद् अन्तर्गत वातावरण उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ५ वटा वडा खुला दिशामुक्र घोषणा भएको।<br>- खुला ठाऊँ तथा चौर ९ विघा (वडा नं. ३ र ५)<br>- सार्बजनिक शौचालय १ वटा (वडा नं. ३)<br>- स्थानीय हाट बजार ५ वटा (बहुरवा, पचरुखि, हरपुर, बडनिहार, मनोवा)<br>- आर्यघाट, मंगोलियन घाट र कब्रीस्तान १८ वटा।<br>- बृक्षारोपण तथा सरसफाई कार्यक्रमको शुरुवात। | - नगरपालिका खुला दिशामुक्त हुन नसकेको।<br>- घाटहरुको व्यवस्थापन गर्न नसकिएको।<br>- मरेका जंगली जनावरहरुको व्यवस्थापन हुन नसकेको।<br>- वातावरण तथा सरसफाईका अभियानहरुले निरन्तरता नपाएको।<br>- सार्बजनिकस्थलको फोहोर व्यवस्थापन नभएको।<br>- बैकल्पिक उर्जामा कुनै काम नभएको।<br>- वृक्षारोपण तथा सरसफाई कार्यक्रमको निरन्तरतामा सन्देह।<br>- प्लास्टिक जन्य पदार्थ/हानिकारक फोहोर व्यवस्थापन नभएको<br>- वतावरणको क्षेत्रमा काम गर्ने गैसस नहुनु। | - नगरपालिकालाई छिट्टै नै खुला दिशामुक्त घोषणा गर्ने।<br>- पूर्ण सरसफाई अभियान कार्यक्रम संचालन<br>- दाह गृहको निर्माण तथा व्यवस्थापन गर्ने।<br>- डम्पिड साईटको व्यवस्था गर्ने।<br>- सार्वजनिक शौचालयको निर्माणलाई तिब्रता दिने र व्यवस्थापन गर्ने।<br>- उचित स्थानमा मरेका जीवजन्तुको व्यवस्थापन गर्ने।<br>- वातावरण व्यवस्थापनको लागि जनचेतना कार्यक्रम संचालन गर्ने।<br>- बैकल्पिक उर्जामा काम गर्ने संस्थाहरुको खोजी गर्ने र कार्यान्वयनमा सहकार्य गर्ने।<br>- वृक्षारोपण तथा सरसफाई कार्यक्रमको निरन्तरताका लागि जनचेतना कार्याक्रम गर्ने।<br>- वातावरणीय पार्क स्थल निर्माण तथा व्यवस्थापन<br>- गैससहरुको खोजी तथा कार्यक्रम सञ्चालनमा नीति बनाई सहकार्य गर्ने।<br>- धूँवारहित चूल्होको लागि जनचेतना तथा व्यवस्थापन गर्ने। |

## घ. विपद व्यवस्थापन

वन, वातावरण तथा विपद् अन्तरगत विपद व्यवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - नगर जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ रहेको।<br>- भवन निर्माण आचार संहिता २०७५ भएको।<br>- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम रहेको।<br>- सुरक्षा निकाय ४ वटा (जनपद ३, शसस्त्र प्रहरी १) | - विपद व्यवस्थापनको लागि तालिमको अभाव।<br>- शितलहर तथा आगलागीले सताउने।<br>- सुरक्षित आश्रय स्थलको अभाव। | - मानव बन्यजन्तु द्वन्द्ध व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने।<br>- दमकलको व्यवस्था र संचालन गर्ने।<br>- एकीकृत विपद व्यवस्थापन योजना तयारी र कार्यान्वयन। |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - बढीले क्षतिगैस्त स्थान पहिचान भएको ५ वटा (पशरामपुर, भेडा टोला मुसहरी टोल, सानो पशरामपुर,र कर्माटोला, बडेरवा)<br>- ४ वटा एम्बुलेन्स रहेको ।<br>- १३ वटा सामुदायिक भवन रहेको ।<br>- विपद व्यवस्थापन कोष रहेको ।<br>- नगर स्तरीय विपद व्यवस्थापन समिति गठन भएको ।<br>- वडास्तरीय विपद व्यवस्थापन समिति गठन भएको ।<br>- विपद व्यवस्थापन सामाग्री २ सेट (१७ वटा) भएको ।<br>- विपद व्यवस्थापनमा कार्यरता संघ संस्था रहेको (रेडक्रस, यूनिसेफ)<br>- पूर्व सूचना दिने उपकरण भएको ।<br>- बाढी पश्चातको विपद व्यवस्थापन योजना रहेको । | - बन्यजन्तुको कारणले मानवीय क्षति हुने गरेको ।<br>- सर्पदंश उपचार केन्द्र नहुनु ।<br>- विपद् व्यवस्थापन सामाग्री अपुग भएको ।<br>- तालिमप्राप्त जनशक्तिको कमी ।<br>- दमकलको व्यवस्था नहुनु ।<br>- भवन अचार संहिता कार्यान्वियन प्रकियामा कमी<br>- आगलागि, बाढी, शितलहर,चट्याङ र हावाहुरीबाट क्षति हुनु | - विपद व्यवस्थापनका लागि उद्धार र राहत सामाग्रीहरुको उचित व्यवस्थापन गर्ने ।<br>- सर्प दंशउपचार केन्द्रको स्थापना र जन चेतना कार्यक्रम संचालन गर्ने ।<br>- शितलहरबाट बच्न वालवालिका, जेष्ठ नागरिक, विपन्न परिवरको लागि कार्यक्रम आयोजना गर्ने ।<br>- सुरक्षित आश्रय स्थलको निर्माण गर्ने ।<br>- विपद व्यवस्थापन सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने ।<br>- भवन, आचार संहिताको पूर्ण पालना गर्ने<br>- चट्याङ प्रतिरोधात्मक टावरको निर्माण गर्ने । |

## २.३.५ सुशासन तथा संस्थागत विकास

**यस शिर्षकमा** संस्थागत विकास तथा सुशासन विषय क्षेत्रमा संस्थागत तथा संगठन, श्रोत परिचालन, सहभागितामूलक योजना, अनुगमन तथा सुपरिवेक्षण, स्थानीय सुशासन तथा जवाफदेहिता, जस्ता क्षेत्रका सम्भावना तथा अवसर स उपयोगका नीति र समस्या तथा चुनौती तथा समाधानका उपायहरू चेहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ७: सुशासन तथा संस्थागत विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

**क. सुशासन, ऐन, नियम तथा जवाफदेहिता**

सुशासन तथा संस्थागत विकास अर्न्तगत सुशासन, ऐन, नियम तथा जवाफदेहिता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – ५ वटा ऐन, ६ वटा कार्यविधि र २ वटा नियमावली नगर सभामा पेश भै पारित भएको - कार्य सम्पादन नियमावली, कार्यविभाजन नियमावली, , विनियोजन ऐन, आर्थिक ऐन विपद व्यवस्थापन ऐन, गै.स.स.कार्यक्रम सञ्चालन ऐन, सहकारी ऐन लगायत उपभोक्ता समिति परिचालन कार्यविधि लगायतका ऐन नियम नियमावली पारित रहेको<br>– वार्षिक एक पटक सार्वजनिक सुनुवाई गरिएको ।<br>– आयोजनागत सार्वजनिक परिक्षण हुने गरेको ।<br>– सबै वडाहरुमा नागरिक वडापत्र राखिएको ।<br>– माध्यमिक विद्यालयहरुमा ई हाजिरीको व्यवस्था भएको ।<br>– नगरपालिका प्रवक्ता तोकेको ।<br>– न.पा.को वेवसाइट सञ्चालनमा रहेको र अद्यावधिक हुने गरेको<br>– न्यायिक समिति गठन भएको र सक्रिय रहेको । | – स्थानीय तहको जिम्मेवारी अनसार आवश्यक ऐन, नियम तथा कार्यविधिहरु समयमै वन्न नसक्नु<br>– नगरपालिकाको वडापत्र तयार नभएको तथा सबै वडाको नागरीक वडा पत्र सबैले देख्ने गरी व्यवस्थापन नगरेको ।<br>– नपा केन्द्र, वडा तथा विषयगत शाखाहरुको सेवाको सन्तुष्टीको मात्रामा कमि रहेको ।<br>– गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारी नतोकिएको ।।<br>– सूचना प्रविधि प्रयोगका लागि जनप्रतिनिधि तथा कर्मचारीमा क्षमता कमी रहेको ।<br>– कर्मचारी जनप्रतिनिधि विचमा समन्वयको कमि ।<br>– सूशासन तथा जवाफदेही र पार्दर्शीताको लागि स्पष्ट कार्यविधि नरहेको<br>– सेवा प्रवाह तथा अभिलेखिकरणमा आधुनिकिकरण र सूचना प्रविधिमैत्री हुन वाँकी | – नगरपालिकामा क्षतिपुर्ती सहितको नागरिक वडापत्र तयार गरी सबैले देख्ने गरी व्यवस्थापन गर्नुपर्ने ।<br>– वडा कार्यालयहरुमा रहेका नागरीक वडापत्रहरु सबैले देख्ने गरी व्यवस्थापन गर्ने ।<br>– आफ्नो अधिकार क्षेत्रका विषयमा बाँकी रहेका ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने ।<br>– आवश्यक कर्मचारी पदपुर्तीका लागि पहल गर्ने र उपलब्ध जनशक्तिमा सुशासनका लागि क्षमता विकास गर्ने<br>– सेवा प्रवाह सम्बन्धी गुनासो सुन्ने निश्चित शाखा र अधिकारी को व्यवस्था गर्नुपर्ने ।<br>– उपभोक्ता समिति परिचालन कार्यविधि सबै वडा कार्यालय लगायतलाई जानकारी गराउने<br>– सूचना अधिकारी र गुनासो सुनुवाईको कार्यविधि तय गरी लागु गर्ने तथा प्रभावकार कार्यावन्वयन गर्ने<br>– तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने<br>– सूचना प्रविधिको माध्यमवाट सेवा प्रवाहका लागि कर्मचारी तथा जनप्रतिनिधी क्षमता विकास कार्यक्रम<br>– जवाफदेहिता र पारदर्शिता सम्वन्धी कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने<br>– कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गर्ने |

## ख. संस्थागत संरचना तथा मानव संशाधन

सुशासन तथा संस्थागत विकास अन्तर्गत संस्थागत तथा मानव संसाधन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – ३ विगहा सार्वजनिक जग्गा भएको<br>– नगरपालिका भवन निर्माणको लागि रु.१ करोड विनियोजन भएको<br>– ५ वटा वडाहरुमा (१,३,५,६,८) आफ्नै वडा कार्यालय भवन निर्माण रहेको ।<br>– वडा कार्यालय निर्माणको लागि बजेट बिनियोजन भएको ।<br>– सबै वडाहरुमा विधुत जडान भएको ।<br>– सबै वडाहरुमा कम्प्यूटर भएको ।<br>– ८ वटा वडाहरुमा सचिव भएको ।<br>– कुल कर्मचारी संख्या ४३ (१५ प्राविधिक)<br>– ३० वटा सामुदायिक विद्यालयहरु<br>– ९ वटा निजी विद्यालयहरु<br>– UNICEF, UNDP, PAF,VSO, ZERO TOLLERANCE , SYC PARSA AJYC, SETO GURAS, सहित १४ वटा विकास साझेदार संस्थाहरु रहेको ।<br>– जीप १, मोटर साइकल १६, टेक्टर २, एक्साभेटर १, पानी टयाक्र १, एम्बुलेन्स १,<br>– नागरिक सचेतना केन्द्र ६, समुह ५, बाल क्लब ९ तथा नगर स्तरीय बाल क्लब गठन ।<br>– संघीय सरकार तथा सामुदायिक विकास कार्यक्रम मार्फत २ वटा क्षमता विकास सम्बन्धी तालिम ।<br>– ५ वटा स्वास्थ्य चौकी तथा २ वटा बर्थिङ्ग सेन्टर भएको ।<br>– ३ वटा वडाहरुको कार्यालय कोठा तथा बैठक कोठा व्यवस्थित भएको (३,५,८) | – नगरपालिकाको आफनै भवन नभई सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापनमा कठिनाई ।<br>– जग्गा<br>– ४ वटा वडाहरुमा कार्यालय भवन नभएकोले सेवा प्रवाहमा समस्या<br>– १ र ८ नं. वडाहरु जिर्ण अवस्थामा रहेको ।<br>– सबै वडाहरुमा इन्टरनेट नपुगेको ।<br>– सबै वडाहरुमा विधुतीय सेवा प्रवाह गर्न जनशक्ति तथा क्षमताको कमी ।<br>– दक्ष जनशक्तिको कमी ।<br>– १ वटा वडामा वडा सचिव नभएको ।<br>– सवारी साधन अर्पयाप्त रहेको ।<br>– यान्त्रीक उपकरणको कमी ।<br>– बारुण यन्त्र नभएको ।<br>– पदाधिकारी तथा कर्मचारीहरुको लागि सेवा प्रवाहमा आवश्यक क्षमता विकासको कमी ।<br>– संगठन संरचना र कार्य विवरण स्पष्ट नभएको ।<br>– नगरपालिका केन्द्र लगायत ६ वटा वडा कार्यालयहरुमा कार्यकक्ष तथा बैठक कक्ष व्यवस्थित नभएको । | – नगरपालिका भवन निर्माणका लागि विस्तृत कार्य विवरण तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने<br>– बजेट बिनियोजन गरि वडा कार्यालय निर्माण गर्ने<br>– वडा कार्यालयको लागि उपयुक्त जग्गा व्यवस्थापन गरी भवन निर्माण गर्ने ।<br>– जिर्ण भएका वडा कार्यालयहरुलाई भवन निर्माण मापदण्ड अनुसार पुन:निर्माण गर्नुपर्ने ।<br>– सबै वडाहरुमा इन्टरनेट जडान गर्ने ।<br>– सबै वडा सचिवहरुको लागि सूचना प्रविधिको क्षमता विकास गर्ने ।<br>– सबै वडाहरुमा कर्मचारी परिचालन गर्ने ।<br>– नगरपालिका तथा वडा कार्यालयहरुका लागि पर्याप्त सवारी साधनको व्यवस्थापन ।<br>– बारुण यन्त्र लगायत विकासे यन्त्रणहरु खरीद गर्नुपर्ने ।<br>– पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता सम्बन्धी तालिम ।<br>– संगठन तथा व्यवस्थापन अध्ययन ।<br>– नगरपालिका केन्द्र लगायत ६ वटा वडा कार्यालयहरुमा कार्यकक्ष तथा बैठक कक्ष व्यवस्थित गर्नुपर्ने । |

## ग. श्रोत परिचालन

सुशासन तथा संस्थागत विकास अन्तर्गत स्थानीय वित्त तथा श्रोत परिचालन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन भएको ।<br>– राजश्व परामर्श समिति गठन भएको<br>– गत आवमा १९ लाख ५० हजार आन्तरिक राजश्व संकलन रहेको ।<br>– अधिकारक्षेत्र भित्रको आन्तरिक आयका श्रोतहरु पर्याप्त रहेको ।<br>– उद्योग व्यवसायहरु मार्फत राम्रो आय संकलनको सम्भावना रहेको<br>– बित्तिय समानिकरण १२ करोड १९ लाख ३७ हजार संघबाट आउने गरेको<br>– शसर्तबाट १२ करोड ४२ लाख आएको<br>– सडकबोर्डबाट अनुदान आउने गरेको | – श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति तथा राजश्व परामर्श समिति प्रभावकारी रुपमा सकृय नरहेको ।<br>– आन्तरिक आयको सम्भावनको तुलनामा संकलन ज्यादै न्युन रहेको ।<br>– कार्यविधि अनुसार सम्पत्ति कर संकलन गर्न नसकिएको ।<br>– नयाँ नगरपालिका भएकोले नागरवासीहरुलाई स्थानीय करको प्रावधानको जानकारी र सामान बुझाइमा कमी ।<br>– निजी क्षेत्रको लगानी न्युन रहेको | – आन्तरिक आयको सम्भावना अध्ययन र राजश्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>– संघीय अनुदान, प्रदेश अनुदान तथा अन्य निकायहरुसँग अनुदान वृद्धिका लागि पहल गर्नुपर्ने ।<br>– न.पा.को प्राथमिकतामा विकास सझेदारहरु सँग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।<br>– निजी क्षेत्रको लागानी प्रवर्धनका लागि समन्वय गर्ने । |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – ७ करोड ८१ लाख राजस्व बाडफाडवाट प्राप्त हुने गरेको<br>– आन्तरीक आय ३ करोड २४ लाख १९ हजार<br>– विकास सझेदारको लगानी २ करोड रहेको<br>– निजी क्षेत्रसँग लागत साझेदारीमा योजना कार्यान्वयन गर्ने नीति निर्माण भएको ।<br>– सम्पत्ति कर कार्यविधि स्वीकृत भएको ।<br>– कुल बार्षिक बजेट रु. ५१ करोड ८६ लाख पारित भएको । | – समुदायको लगानीमा कमि<br>– आवश्यकता अनुसार बाह्य अनुदानमा कमी ।<br>– ऐलानी पर्ती जग्गाको संरक्षण गर्न नसक्नु । साथै ऐलानी जग्गामा बसेका सर्वसाधारणहरु सँग बहाल विटौरी शुल्क असुल गर्न नसक्नु ।<br>– खोला, हाटबजार पोखरीलाई ठेक्कापटा बन्दोबस्त गर्न नसकेको ।<br>– नीजी विधालयहरुलाई करको दायरामा ल्याउन नसक्नु<br>– नगर स्तरीय उधोग वाणिज्य संघ हाल सम्म गठन नभएको । | – नीजी विद्यालयलाई करको दायरमा ल्याउे दर्ता प्रक्रिया नपावाट अगाडी बढाउने ।<br>– खोला, पोखरी र हाटबजार बाट आय वृद्धिका प्रकृया अगाढी वढाउने<br>– करदाता शिक्षा कार्यक्रम गर्ने ।<br>– नगर स्तरीय उद्योग वाणिज्य संघ गठन गर्ने ।<br>– दातृ तथा सहयोगी संस्थाहरुको सूचि तयार गर्ने ।<br>– गैसस डेक्स स्थापना तथा व्यवस्थापन गने |

## घ. योजना व्यवस्थापन

सुशासन तथा संस्थागत विकास अन्तरगत योजना व्यवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – नगर वस्तुगत विवरण तयार भएको ।<br>– बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएको ।<br>– वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यविधि स्वीकृत भएको । बार्षिक तथा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न ७ वटा विषय क्षेत्रगत योजना तर्जुमा समिति गठन भएको<br>– बस्तीस्तरबाट प्राथमिकीकरण गरी बार्षिक योजना तर्जुमा गरिएको ।<br>– नगर स्तरीय अनुगमन तथा सुपेरिवेक्षणका समिति गठन गरिएको ।<br>– उपभोक्त समिति व्यवस्था तथा परिचालन कार्यविधि स्वीकृत तथा कार्यान्वयमा रहेको ।<br>– एक पटक योजनाहरुको अनुगमन गरि प्रतिवेदन पेश भएको ।<br>– संघीय सरकारबाट १ वटा कार्यक्रम संचालन भएको (बहुक्षेत्रीय पोषण योजना) | – बजेट तथा कार्यक्रम तर्जुमा समिति कम सक्रिय रहेको ।<br>– अनुगमन तथा सुपरिवेक्षण समितिले नियमित र आवधिक रुपमा प्रभावकारी अनुगमन तथा मूल्यांकनको अभ्यासको कमी रहेको ।<br>– नतिजा मुलक योजना तर्जुमा तथा कार्यान्वय अभ्यासको कमी रहेको ।<br>– नियमित समिक्षको अभाव रहेको ।<br>– उपभोक्ता समितिहरुमा योजना कार्यान्वयन र अभिलेखिकरणमा कमी<br>– योजना तर्जुमा सम्बन्धी मापदण्ड र समय सिमा अनुसार योजना तर्जुमा गर्न नसकिएको ।<br>– योजना तर्जुमा र अनुगमन प्रकृयामा क्षमताको कमी रहेको ।<br>– योजना कार्यान्वय प्रभावकारी रुपमा सञ्चालन नभएको । | – बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य विवरण स्पष्ट गरी सो अनुसार कार्य सम्पादनका लागि क्षमता विकास गर्ने ।<br>– सुपरिवेक्षण समितिलाई क्षमता विकास कार्यक्रम ।<br>– अनुगमन तथा सुरिवेक्षण समितिलाई नतिजा मुलक अनुगमन तथा मूल्यांकनका लागि क्षमता विकास गर्ने ।<br>– नतिजा मुलक अनुगमन तथा मूल्यांकनको लागि कार्यविधि, तर्जुमा र कार्यान्वयन गर्ने ।<br>– चौमासिक रुपमा समिक्षा बैठकको आयोजना गर्ने ।<br>– समय सिमा तथा कार्यविधिले तोकेको प्रकृया अनुसार योजना तर्जुमा गर्ने ।<br>– योजना कार्यान्वयन सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।<br>– उपभोक्ता समितिहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>– उत्कृष्ठ उपभोक्ता समितिलाई प्रोत्साहन कार्यक्रम । |

# परिच्छेद ३

# योजना अवधारणा तथा प्रारूप

## ३.१ नगर विकासको दीर्घकालिन सोच

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु विचको छलफल, विषयविज्ञको सुझाब तथा परामर्शका आधारमा पर्सागढी नगरपालिकाको दीर्घकालिन सोच (Vision) देहाय अनुसार तय गरिएको छ ।

**"गौरवशाली पर्सागढीको समृद्धि हाम्रो रहरः**
**व्यवसायिक कृषि, मानवीय विकास, हरित सुन्दर शहर"**

## ३.२ लक्ष्य तथा उद्धेश्य

पर्सागढी नगरपालिकाको समष्टिगत विकासका लागि ***व्यवस्थित र हरित नगरको आधार तयार भई पर्सागढी नगरवासीको जिवनस्तरमा गुणात्मक सुधार हुने*** मुख्य लक्ष्य निर्धारण गरिएको छ । साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्य निर्धारण गरेको छ :

- कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमूलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोग बृद्धि गर्ने ।
- स्वस्थ्य, ससक्त, सक्षम तथा सीपयुक्त मानव संशाधनको विकास गर्ने ।
- नगरबासी बीच अन्तरसम्बन्ध विकास, बजार सूचना तथा सेवा सुविधाको स्तर, पहुँच र उपयोगमा बृद्धि गर्ने ।
- वन, जैविक विविधता, जमीन तथा जलको एकीकृत तथा दीगो संरक्षण र उपयोग गर्ने ।
- नगरपालिकाको कार्यसम्पादन, सेवा प्रवाह तथा शासनको स्तर बृद्धि गर्ने ।

## ३.३ प्राथमिकता तथा रणनीतिहरू

- **कृषि र पशुपंक्षीजन्य उपजको व्यवसायीकरण, विविधिकरण, पर्यटन प्रवर्धन तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा** दीगो रोजगारी, आय तथा आर्थिक बृद्धि गर्ने
- **व्यवसायिक शिक्षा, स्तरीय स्वास्थ्य, स्वच्छ खानेपानी र सरसफाई, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्वारा** स्वस्थ, सिर्जनशिल र सीपयुक्त मानवीय शक्तिको विकास गर्ने
- **व्यवस्थित यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विकासद्वारा** अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने
- **वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, समावेशीकरण, सामाजिक न्याय, सुशासन प्रवर्द्धनलाई स्थानीय तहको विकास प्रक्रियामा** एकीकृत गरी विकास नतिजालाई समावेशी, न्यायपूर्ण, उत्थानशील र दीगो बनाउने
- **अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाज साझेदारी र सहशासनको माध्यमद्धारा** विकासको गतिलाई तिब्र बनाउने

## ३.४ नतिजा तालिका

नगर विकासका प्रयासहरुलाई एकीकृत गरी विकासको मूल ध्येयतर्फ अग्रसर गराउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ । नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको नगरपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहायअनुसार रहको छ ।

## तालिका ८: आवधिक योजनाको नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| **लक्ष्य (प्रभाव):** व्यवस्थित र हरित नगरको आधार तयार भई पर्सागढी नगरवासीको जिवनस्तरमा गुणात्मक सुधार हुने | वार्षिक रु ५० हजारभन्दा कम आम्दानी हुने परिवार | संख्या | २७९८ | २००० | १४०० | • नगर वस्तुगत विवरण(प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | |
| | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | ४०१३ | ५००० | ६००० | | |
| | खाद्यान्न उत्पादन (वार्षिक) | मे.ट. | २७९२५ | ३०००० | ३५००० | | |
| | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजि | | | | | |
| | आम्दानीको दुई तिहाईभन्दा बढी खर्च खानामा गर्ने जनसंख्या | प्रतिशत | ४० | ३० | २० | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. | २२८००० | २६०००० | ३००००० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. | १७१,७३८ | २५०,००० | ३००,००० | | |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | १११५ | १५०० | २००० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | ६३ | १५० | ३०० | | |
| | पुड्कोपन भएका बालवालिका | प्रतिशत | ३७ | ३५ | ३० | | |
| | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ९.४ | ७ | ५ | | |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | ३० | १५ | १० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र स्वीकृत मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | ३६८ | ५६८ | ८६८ | | |
| | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | हेक्टर | ३३४९ | ३४३४ | ३४९० | | |
| | नगरपालिकाको नीति, कानून निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ७० | ९० | | |
| **असर १:** कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमूलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोग वृद्धि भएको हुनेछ। | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | ८०४५ | १०००० | १२००० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ।<br>• संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ<br>• जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ।<br>• वस्ती एकीकृत र सुरक्षित हुनेछ। |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | संख्या | ४५१५ | ५००० | ५५०० | | |
| | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजार | रु. | ७१९६८० | ८००००० | १०००००० | | |
| | पशुपंक्षी र सो जन्य उत्पादन मूल्य (बार्षिक) हजार | रु. | ३१३४६३ | ४००००० | ५००००० | | |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ६३० | ८०० | १३०० | | |
| | भमण गर्ने बार्षिक पर्यटक (वाह्य) | संख्या | ३००० | ४००० | ५००० | | |
| | भ्रमण गर्ने बार्षिक पर्यटक (आन्तरिक) | संख्या | १२००० | १५००० | २०००० | | |
| | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ० | १० | २० | | |
| | बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ५० | ६० | ७० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| **प्रतिफल १.१:** कृषिको व्यवसायिकरण, विविधिकरण र सेवाको पहुँचमा बृद्धि भएको हुनेछ । | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ४०० | ७०० | १००० | • नगरवस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ ।<br>• सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ ।<br>• कृषि सेवा तथा प्रविधी प्रवाहमा बैंकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>• बजार अवधारणा अनुसार कृषकको नेतृत्वमा कृषी अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ ।<br>• जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>• कृषि वातावरणीय ह्रास कम हुनेछ । |
| | तरकारीको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १५ | ३० | ५० | | |
| | क्रियाशील अगुवा वा व्यवसायिक कृषक | जना | ८ | २० | ३५ | | |
| | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | जना | ४ | १० | २० | | |
| | सक्रिय व्यवसायिक कृषि फार्म | संख्या | १ | १० | २० | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | ४ | २० | ३० | | |
| | माछा उत्पादन वार्षिक | मे.ट | ५४० | ७०० | १००० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ९ | १५ | २० | | |
| | कृषि सहकारी संस्था | संख्या | ५ | १० | १५ | | |
| | कोल्ड स्टोर क्षमता | संख्या (मे.ट) | ० | ० | १ (१०००) | | |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घर परिवार | प्रतिशत | १० | ३० | ५० | | |
| | संचालित कृषि हाटवजार | संख्या | ५ | ७ | १० | | |
| | संचालित कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ० | ० | १ | | |
| | कृषि प्राविधिकको उपलब्धता | संख्या | ४ | ५ | १० | | |
| **प्रतिफल १.२ :** सिंचाई सुविधाको विकास र विस्तार भएको हुनेछ । | बाह्रै महिना सिंचाई हुने क्षेत्र | हेक्टर | १३०० | २००० | ३००० | | |
| | प्रयोगमा आएका सिंचाई प्रविधि (सतह सिंचाई, डीप बोरिंग आदि) | प्रकार | २ | २ | २ | | |
| | सुचारु सिंचाई आयोजना | संख्या | १ | ४ | ७ | | |
| **प्रतिफल १.३ :** व्यवसायिक पशुपालन एवं पशु सेवामा बृद्धि भएको हुनेछ । | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ६०० | १००० | १५०० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>• सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ<br>• पशु सेवा र प्रविधी प्रवाहमा बैंकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>• जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | बार्षिक खरिद बिक्री खसी, बोका | संख्या | १००० | २००० | ३००० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | २० | ५० | ८० | | |
| | व्यवसायिक कुखुरापालन फर्म | संख्या | १० | २० | ३० | | |
| | मासु उत्पादन वार्षिक | मे.टन | २५० | ३५० | ५०० | | |
| | दूध तथा दूधजन्य उत्पादन | मे.टन | ३५०० | ४००० | ५००० | | |
| | सक्रिय पशुपालन समूह | संख्या | ५ | १० | १५ | | |
| | सुचारु नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | १ | | |
| | क्रियाशील ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | २ | ९ | १८ | | |
| | पशुपालन सम्बन्धी उपलब्ध प्रविधि खोप, कृत्रिम प्रजनन् क्यासट्रेसन (खसी पार्ने आधुनिक विधि) उपयोग गर्ने घरपरिवार | प्रतिशत | ७५ | ८५ | ९५ | | |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ३ | ७ | १० | | |
| | चालू लघु उद्योग | संख्या | १५ | २५ | ३५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| **प्रतिफल १.४:** उद्यम व्यवसायको सिर्जना तथा विकास वृद्धि भएको हुनेछ । | चालू घरेलु उद्योग | संख्या | | | | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय शासन व्यवस्था अनुसार उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ ।<br>• निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ । |
| | चालू साना उद्योग | संख्या | ७ | १० | १५ | | |
| | चालू मझौला उद्योग | संख्या | | | | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | २०० | ३०० | ५०० | | |
| | उद्योगमा संलग्न युवा र महिला | जना | ४०० | १००० | २००० | | |
| **प्रतिफल १.५:** पर्यटकीय सेवा तथा सुविधाको प्रवर्धन र पूवार्धार विकास भएको हुनेछ । | व्यवस्थित पर्यटकीय स्थल | संख्या | २ | ४ | ४ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय संरचना अनुसार पर्यटन प्रर्वधन सम्बन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ ।<br>• क्षेत्रीय अवधारणा अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ । |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | १ | २ | | |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (आवास, बैंक, यातायात, सूचना, गाईड) | प्रकार | ० | २ | ४ | | |
| | सञ्चालित साना होटेल तथा रेष्टुरेण्ट | संख्या | १ | ३ | ५ | | |
| | मध्यम सुविधायुक्त होटल तथा रेष्टुरेण्ट | संख्या | | | | | |
| | तालिम प्राप्त टुर गाइड तथा पर्यटन व्यवसायी | संख्या | ६ | १५ | ४० | | |
| | व्यवस्थित वनभोज स्थल तथा पार्क | संख्या | २ | ३ | ४ | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संख्या | ० | २ | ४ | | |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | ० | ३० | ५० | | |
| **प्रतिफल १.६:** बैंक तथा वित्तीय सेवा विस्तार तथा पहुँच वृद्धि भएको हुनेछ । | सुचारु बैंक तथा वित्तीय संस्था | संख्या | ३७ | ४० | ४५ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ ।<br>• वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ । |
| | सेवा सुचारु बैंक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | १९ | २५ | ३० | | |
| | उपलब्ध कारोबारको किसिम (बचत र लगानी, रेमिट, मुद्रा सटही, व्यवसायिक परामर्श) | प्रकार | २ | ३ | ४ | | |
| | सुचारु सहकारी संस्था | संख्या | ३२ | ४० | ५० | | |
| **असर २:** स्वस्थ्य, सशक्त, सक्षम तथा सीपयुक्त मानव संशाधनको विकास भएको हुने छ । | प्रौढ साक्षरता दर (१५ देखि ६० वर्ष) साक्षर जनसंख्या | जना | ६०.६५ | ७५ | ८० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>• संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ५०५ | ८०० | १००० | | |
| | ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी ( गाउँघर क्लिनिकको सेवा समेत) | प्रतिशत | १०० | १०० | १०० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औषत समय | मिनेट | ३० | ३० | ३० | | |
| | पाइप प्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने घरधुरी | प्रतिशत | १२.५४ | २५ | ४० | | |
| | सरसफाई सेवा र सुविधा उपलब्ध परिवार | प्रतिशत | ० | २० | ५० | | |
| | स्नातक तह उतीर्ण अपाङ्ग | जना | २८ | ५० | ८० | | |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | जना | १६८ | २०० | ४०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| | स्नातक तह उतिर्ण दलित | संख्या | २४ | ५० | ७० | | लक्षित कार्यक्रममा निरन्तरता हुनेछ। |
| | प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | १ | ९ | १८ | | |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ७० | १०० | १०० | | |
| **प्रतिफल २.१:** शैक्षिक संस्थाको संस्थागत क्षमता, आधारभूत, माध्यामिक तथा प्राविधिक शिक्षामा सहज पहुँच र शैक्षिक गुणस्तरमा अभिबृद्धि भएको हुनेछ। | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | जना | ११.४५ | ५ | ० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन<br>• विद्यालय सुधार योजना प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ।<br>• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• नगरपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ।<br>• स्थानीयस्तरमा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | बालमैत्री सिकाई विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ९६.६५ | १०० | १०० | | |
| | बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेराबार, फर्निचर) उपलब्ध | विद्यालय | २० | ३० | ३० | | |
| | छात्रवृत्ति पाउने विद्यार्थी संख्या | संख्या | ५८७६ | ६००० | ६५०० | | |
| | कियाशील वालक्लव गठन भएका विद्यालय | संख्या | १२ | २० | ३० | | |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यमिक) | संख्या | | | | | |
| | महिला प्रअ | संख्या | १ | २ | २ | | |
| | विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ५ | १० | १५ | | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | १ | २ | २ | | |
| **प्रतिफल २.२** स्वास्थ्य संस्थाको संस्थागत क्षमता तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ। | जन्मदा २५०० ग्रामभन्दा कम तौल भएका शिशु | प्रतिशत | ९.४ | ७ | ४ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ।<br>• राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ३० | ५० | १०० | | |
| | स्वाश प्रश्वासको संक्रमण (ARI) निमोनिया दर (प्रति हजारमा) | जना | १४२ | १०० | ४० | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ३० | ४० | १०० | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | | |
| | सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ६७ | ७० | ७२ | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | संख्या | ६०० | १२०० | २००० | | |
| | ५ वर्ष मुनीको कुपोषण दर | प्रतिशत | ८ | ७ | ५ | | |
| | निजी धारा उपलब्ध घर परिवार | संख्या | ८६८ | १००० | १५०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | इकाई | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७६/७७ | लक्ष्य (सम्मको अवस्था) ०७९/८० | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| **प्रतिफल २.३:** गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा सुविधामा पहुँच वृद्धि भएको हुनेछ । | पाइप लाइनबाट वितरित खानेपानी प्रयोग गर्ने घरधुरी | संख्या | १३१३ | २००० | २५०० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• स्थानीयसरोकारवालाकोप्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | १४२४ | २००० | २५०० | | |
| | सार्वजनिक शौचालय | संख्या | १ | ८ | ९ | | |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ३० | ५५ | ७५ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ० | ३००० | ५५०० | | |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ० | १३ | १५ | | |
| **प्रतिफल २.४** विपन्न तथा लक्षित वर्गको सशक्तिकरण तथा क्षमता अभिबृद्धि भएको हुनेछ । | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ४० | २० | १० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ । |
| | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ४७ | ६५ | १०० | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ८५ | २०० | ५०० | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ३१८४ | ३५०० | ४००० | | |
| **प्रतिफल २.५:** सिर्जनशिल तथा व्यवसायिक युवाशक्तिको विकास र परिचालनमा अभिबृद्धि भएको हुनेछ । | वैदेशिक रोजगारीमा गएका घरधुरी | संख्या | १६५४ | १६५४ | १६५४ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीयसरोकारवालाकोप्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>• युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ६ | ८ | ९ | | |
| | नगरपालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | संख्या | १ | ३ | ५ | | |
| | प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | १ | २ | ५ | | |
| | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ० | १ | १ | | |
| **प्रतिफल २.६:** स्थानीय कला तथा संस्कृतिको पहिचान र संरक्षण एवं प्रवर्धन भएको हुनेछ । | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | २ | ३ | ४ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ । |
| | संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | संख्या | ० | १ | २ | | |
| | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | १ | २ | ३ | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | २ | | |
| | बाह्रै महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ९१.७२ | ११५ | १३३.३२ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| **असर ३**: नगरबासी बीच अन्तरसम्बन्ध विकास, बजार सूचना तथा सेवा सुविधाको स्तर, पहुँच र उपयोगमा बृद्धि भएको हुने छ । | आधा घण्टाको दुरीमा बजार केन्द्रमा पहुँच भएका घरपरिवार | प्रतिशत | ६० | ८० | १०० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति प्रतिवेदन | ● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | १ | २ | | |
| | बसोबास अयोग्य वस्तीमा बसोबास गर्ने परिवार | परिवार | १२ | ८ | ५ | | |
| **प्रतिफल ३.१ :** यातायात सुचारु तथा आगमनमा बृद्धि भएको हुनेछ । | सार्वजनिक यातायात सुचारु केन्द्र | संख्या | ६ | ८ | १० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | कालोपत्रे सडक | किमि | १५ | २५.० | ३७ | | |
| | ग्राभेल सडक | किमि | ७९ | ८५ | ९६ | | |
| | पक्की पुल | संख्या | ३ | ८ | १२ | | |
| | नियमित मर्मत संभार सडकको लम्बाई (बार्षिक) | किमि | ० | ३० | ५७ | | |
| | सडक किनारा बृक्षारोपण लम्बाई | किमि | ० | २० | ३७ | | |
| | सौर्य सडक वत्ति | संख्या | ० | ६० | १२० | | |
| **प्रतिफल ३.२: :** बसोबास, बजार तथा सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ । | जनता आवास भवन | संख्या | १५ | ९० | १५० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | भूकम्प प्रतिरोधी भवन निर्माणमा दक्ष मिस्त्री | संख्या | ० | ४५ | ७२ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र स्वीकृत मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १० | १३ | १५ | | |
| **प्रतिफल ३.३:** विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, पहुँच तथा उपयोगमा बृद्धि भएको हुनेछ । | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ९५ | ९८ | १०० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | सुधारिएको उर्जा (बायोग्यास, एलपी ग्यास) प्रयोग गर्ने | प्रतिशत | ५ | १५ | २५ | | |
| | जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | ० | ६० | ११५ | | |
| | सुधारिएको वा धुवाँरहित चुल्हो जडान भएका परिवार | संख्या | ३०० | १००० | २००० | | |
| **प्रतिफल ३.४:** सूचना प्रविधि र सूचनाको पहुँच र | कम्प्युटर तथा टेलिजिन उपलब्ध परिवार | प्रतिशत | ५५ | ७० | ८० | ● नगर वस्तुगत विवरण (प्रोफाइल) | |
| | इन्टरनेट सेवा प्रयोग गर्ने परिवार | प्रतिशत | ४० | ५५ | ६५ | | |
| | ल्याण्डलाइन टेलिफोन सुविधा पुगेका परिवार | संख्या | ० | १५० | ३०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| स्तर बृद्धि भएको हुनेछ। | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | २ | ५ | १० | • सर्वेक्षण प्रतिवेदन<br>• प्रगति प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | क्रियाशिल पत्रकार | जना | ५ | ७ | ९ | | |
| **असर ४:** वन, जैविक विविधता, जमीन तथा जलको एकीकृत तथा दीगो संरक्षण र उपयोग भएको हुनेछ। | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | १४ | ३० | ४० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• वन, वातावरण नीतिको पालना हुनेछ। |
| | संरक्षित तथा चरन क्षेत्र | हेक्टर | ४०० | ४०० | ४०० | | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | ठाउँ | ७ | ५ | २ | | |
| | उत्पादित काठ | क्यूफिट | २४००० | ३०००० | ३६००० | | |
| | उत्पादित दाउरा | चट्टा | ० | ३००० | ५००० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | केजी | ० | ५०० | ५०० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | २० | ५० | ७० | | |
| | प्राकृतिक खुला चिडियाखाना | संख्या | ० | ० | १ | | |
| | वन अतिक्रमित क्षेत्र | हेक्टर | ४० | ३० | १० | | |
| **प्रतिफल ४.१:** वनको वैज्ञानिक व्यवस्थापन, संचिती तथा हरियालीमा अभिबृद्धि भएको हुनेछ। | वनको संचिती दर (मि³/हेक्टर) | प्रतिशत | ६० | ७० | ९० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• वन, वातावरण नीतिको पालना हुनेछ। |
| | सामुदायिक बन | संख्या | ० | १ | २ | | |
| | निजी वन क्षेत्र | हेक्टर | १४ | ३० | ४० | | |
| | संरक्षित वृक्षारोपण क्षेत्र | हेक्टर | ० | २० | ३० | | |
| **प्रतिफल ४.२:** जल र जमीन संरक्षण र एकीकृत व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन क्षमतामा अभिवृद्धी भएको हुनेछ। | संरक्षित पानी मुहान क्षेत्र | वटा | ४ | ५ | ५ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | संरक्षित सिमसार क्षेत्र | विगाह | ० | ६० | ८० | | |
| | नदी नियन्त्रण लम्बाई | किमी | ० | २ | ३ | | |
| | बाँध, चेकड्यामको लम्बाई | किमी | ० | ०.२ | ०.३ | | |
| | | | | | | | |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | २० | ३७ | | |
| | व्यवस्थित संरक्षण तथा Ridge पोखरी | संख्या | १६५ | २५० | ३०० | | |
| | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | पटक | ० | १ | १ | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | २ | ५ | ७ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| **प्रतिफल ४.३:** नगरको पर्यावरणीय स्वच्छता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ । | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | ० | २००० | ४००० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | ६२१५ | ४००० | २२१५ | | |
| | फोहोरमैला प्रशोधन केन्द्र | संख्या | ० | १ | १ | | |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | संख्या | १०० | २००० | ३००० | | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | ३००० | ५००० | ६८८२ | | |
| | स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | पटक | | | | | |
| **प्रतिफल ४.४** विपद् जोखिम तथा क्षतिमा कमी हुनेछ । | जोखिम स्थानमा बसोबास गरेका परिवार | संख्या | १०० | ५० | ५० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● विपद जोखिम न्यूनीकरण हुनेछ । |
| | विपदबाट भएको बार्षिक क्षत्ती (जग्गा, संरचना, बालीनाली, पशु र अन्य सम्पत्ती) | रु. हजार | २००० | १००० | ५०० | | |
| | सुरक्षित खुल्ला क्षेत्र र स्थान | संख्या | ८ | १० | १२ | | |
| | तालिम प्राप्त स्वयंसेवक | जना | ० | ९० | १५० | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १००० | ३००० | ५००० | | |
| | विपद् व्यवस्थापनमा क्रियाशिल संघ/संस्थाहरु | संख्या | २ | ५ | ७ | | |
| **असर ५:** नगरपालिकाको कार्यसम्पादन, सेवा प्रवाह तथा शासनको स्तर बृद्धि भएको हुनेछ | प्रति व्यक्ति बार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | १३३१८ | १८००० | २२००० | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभान्वित विपन्न र पिछडिएको वर्ग (लक्षित वर्ग मध्ये) | प्रतिशत | १२ | २० | ३० | | |
| | उपलब्ध प्राविधिक मानव संशाधन (कृषि, पशु, स्वास्थ्य समेत) | प्रतिशत | ४४ | ६४ | ८० | | |
| | क्रियाशिल गैसस, अगैसस, विकास साझेदार | संख्या | १४ | २० | २५ | | |
| **प्रतिफल ५.१** स्थानीय ऐन, नीति, नियम र कार्यविधि तर्जुमा, प्रवोधीकरण तथा पालनामा अभिबृद्धि भएको हुनेछ । | न.पा.ले स्वीकृत गरेका कानून तथा नीति | संख्या | १५ | २८ | २८ | ● नगर वस्तुगत विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | ● ऐन | संख्या | ५ | १५ | २० | | |
| | ● नियम तथा विनियम | संख्या | २ | १५ | २० | | |
| | ● कार्यबिधि | | ६ | १० | १५ | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | ४ | ७ | १० | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्ड आदी) | संख्या | ३ | ४ | ५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम,सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदी) | संख्या | २ | ३ | ५ | | |
| | नगरपालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाहसम्बन्धी गुनासो अभिलेखिकरण भएको | प्रतिशत | ० | २० | ५० | | |
| **प्रतिफल ५.२** नगरपालिकाको भौतिक र संस्थागत विकास तथा मानवीय सीप र दक्षतामा अभिबृद्धि भएको हुनेछ। | नपामा कार्यरत मानव संशाधन | संख्या | ७२ | ९२ | १२५ | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | नपा तथा वडा कार्यालय भवन | संख्या | ५ | ७ | १० | | |
| | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | ६ | ९ | ९ | | |
| | नपामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | ५ | १० | २० | | |
| | संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | विषय क्षेत्र | ३ | १५ | २३ | | |
| | क्षमता विकास र जवाफदेहिता अभिबृद्धि कार्यमा सहभागी जनप्रतिनिधी र नागरिक समाज | जना | ७२ | ९० | ११५ | | |
| **प्रतिफल ५.३** आन्तरिक आय श्रोत दायरा र आयमा बृद्धि तथा वाह्य श्रोत परिचालन र खर्च व्यवस्थापन क्षमतामा अभिबृद्धि भएको हुनेछ। | नपाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. हजारमा | २९२०० | ३१००० | ४०००० | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन<br>• वित्तीय प्रतिवेदन | • संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ।<br>• संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ। |
| | वित्तिय समानिकरण कुल रकम | रु. हजारमा | १२१९३७ | १५०००० | १८०००० | | |
| | राजस्व बाँडबाँड प्राप्त कुल रकम | रु. हजारमा | ७८१०० | १२०००० | १५०००० | | |
| | सशर्त अनुदान | | १२४२०० | १५०२०० | १८०००० | | |
| | विशेष अनुदान रकम | रु. हजारमा | ० | १०००० | ३०००० | | |
| | समपुरक अनुदान रकम | रु.हजारमा | ० | १०००० | ३०००० | | |
| | गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु.हजारमा | २०००० | ५०००० | १००००० | | |
| | समुदायको लगानी तथा योगदान रकम | रु.हजारमा | १०००० | १५००० | २०००० | | |
| | निजी क्षेत्रको लगानी | रु.हजारमा | १००० | ५००० | १०००० | | |
| | कूल बार्षिक बजेट | रु.हजारमा | ३९७६५६ | ५३०२८२ | ७०६८४१ | | |
| | नपाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | ७६.१८ | ८५ | १०० | | |
| | औषत वार्षिक वेरुजु रकम | रु. हजारमा | २०००० | ५००० | ० | | |
| **प्रतिफल ५.४** योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन | खण्डीकृत विषयगत तथा श्रोतनक्शासहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | **तयारीको अन्तिम चरणमा रहेको** | **अध्यावधिक** | **अद्यावधिक** | • नगर वस्तुगत विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ। |
| | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | ३ | ८ | १० | | |
| | तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | क्षेत्रसंख्या | ३ | ४ | ६ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७९/८० | | |
| तथा प्रतिवेदन प्रणाली सहभागितामूलक, समावेशी र नतिजामूलक भएको हुनेछ। | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | तयारी हुदै | मध्यावधिक मूल्यांकन भएको हुने | अन्तीम मूल्यांकन | • प्रगति/अनुगमन प्रतिवेदन<br>• वित्तीय प्रतिवेदन | • संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभएको | नभएको | खाका तयार र प्रारम्भ | पुर्ण कार्यान्वयन | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ४० | ५० | ७५ | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ७६.१८ | ९० | १०० | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) वार्षिक | पटक | १ | १९ | ३१ | | |
| | प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | १ | ३ | ५ | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | संख्या | ११२५ | १३०० | १५०० | | |
| | लक्षित वर्ग लक्षित वार्षिक वजेट | प्रतिशत | १५ | २० | २५ | | |
| | महिला लक्षित बजेट | प्रतिशत | १० | १५ | २० | | |
| **क्र.सं.** | **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | |
| १.१.१ | दस्तावेजको परिच्छेद ३ मा प्रस्तुत छ। | बजेट (रु. हजारमा) | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |

## ३.५ नीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालिन सोच उन्मुख भई विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासंग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी आवधिक योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहाय अनुसारका नीति तथा कार्यनीतिहरू अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिने छ।

**असर १ (आर्थिक विकास) सँग सम्बन्धित**

**प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)**

१. उन्नत मल, वीउ तथा बेर्नाको सुनिश्चित आपूर्तिका लागि कृषि सहकारीहरु मार्फत विक्री वितरणको व्यवस्था गरिने छ। यस कार्य संचालन गर्दा सर्वसाधारण किसानको सहज पहुँच सुनिश्चित गर्ने गरिने छ।
२. कृषि उपज संकलन तथा वजारीकरणका लागि वजार सम्बन्ध विकास गर्न स्थानीय उत्पादक र निकटका व्यवसायीसंगको सम्बन्ध विकासका लागि सहजीकरण गरिने छ।
३. व्यवसायिक तरकारी खेती कार्यमा न्यूनतम ३ विघा क्षेत्रफलमा हुने गरी कृषक समूह वा सहकारीलाई प्रवर्द्धन गर्ने र निजी उद्यमीलाई पनि प्रोत्साहन गरिने छ।
४. उन्नत वीउविजन एवं कृषि यान्त्रिकरणको प्रयोगलाई प्रोत्साहित गरिने छ।
५. खाद्यान्न भण्डारको निर्माण पायक पर्ने स्थानमा स्थानीय सहकारी वा निजी क्षेत्रको अगुवाई एवं लागत सहभागितामा निर्माण गरिने छ एवं यसको संचालनको विधि निर्माण गरी सर्वसाधारण किसानको सहज पहुँच सुनिश्चित गरिने छ।
६. मागको आधारमा स साना हाट बजारको स्तरोन्नती गरिने छ। यसका लागि उत्पादक कृषकहरुको प्रतिनिधित्व हुने गरी हाट वजार व्यवस्थापन गरी बेग्लै कार्यविधिबाट संचालन गरिने छ।
७. नगरपालिकास्तरमा दक्ष एवं विशेषज्ञ सेवाका साथै एक वडा एक प्राविधिकको व्यवस्था गरिने छ।

**प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)**

१. सिंचाईको स्थायी व्यवस्थाका लागि खोलानालाहरुमा तटवन्ध निर्माण गरिने छ भने आवश्यक पर्ने अन्य स्थानमा डिपबोरिंग र स्यालो ट्यूववेल जडान कार्य गरिने छ।
२. सिंचाई पूर्वाधार विकासका लागि प्रदेश सरकार र संघसंग समन्वय गरिने छ।
३. सिंचाई योजनाहरुको नियमित मर्मत सम्भारका लागि कोषको व्यवस्था गरिने छ।
४. सिंचाई उपभोक्ताहरुको गठन एवं क्षमता विकास गरिने छ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपंक्षी पालन)**

१. नश्लसुधार कार्यक्रम अन्तर्गत प्रदान गरिने उन्नत बोका तथा राँगाहरुको पालनपोषण सहितको संचालनको जिम्मा समूह तथा सहकारी मार्फत गरिने छ।

२. उन्नत घाँसबालीका लागि कृषक समूह एवं सहकारी मार्फत विउविजन वितरण कार्यक्रम संचालन गरिने छ।
३. पशु उपचार कार्यक्रम संचालन गर्दा स्थानीय एग्रोभेट सहितको सहभागितामा संचालन गरिने छ।
४. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइनेछ।

**प्रतिफल १.४ सँग सम्बन्धित (पर्यटन)**

१. स्थानीय धार्मिक पर्यटकीयस्थलहरुको पूर्वाधार विकास, संरक्षण, सेवा तथा सुविधा विस्तार गरिने छ।
२. पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निर्माण गरिने छ।
३. पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर स्थानीय तह लगायत प्रदेश सरकार र संघसंग पहल गरिने छ।

**प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन)**

१. ठूला, मझौला तथा साना उद्योगको सम्भाव्यता हेरी सञ्चालनमा सहजीकरण गरिने छ।
२. उद्योग स्थापनाकालागि आवश्यक पूर्वाधारको विकास गर्ने (सडक, औद्योगिक क्षेत्र स्थापना) एवं विद्युतीकरणका लागि पैरवी गरिने छ।
३. स्थानीय स्रोत र सीपमा आधारित व्यवसायको स्थापना एवं प्रवर्द्धनमा प्रोत्साहन गरिने छ।
४. व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरण जस्ता कार्यक्रममा युवालाई आकर्षित गरिने छ।
५. स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं संचालनलाई प्राथमिकता र प्रश्रय दिईने छ।
६. स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय एवं बजार सूचना, पूर्वाधार र संजाल विकास गरिने छ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

१. कृषि, पशुपालन, पर्यटन एवं व्यापार व्यवसायमा लगानी बृद्धि गर्न बैंक तथा वित्तीय संस्थासंग पैरवी एवं समन्वय गरिने छ।
२. सहकारीहरुको कारोवारमा एकरुपता ल्याउन प्रभावकारी नियमन गरिने छ।
३. अनौपचारिक क्षेत्रमा रहेको वचत रकमलाई विधिवत कारोवारमा रुपान्तरण गर्न प्रेरित गरिने छ।

**असर २ संग सम्वन्धित (सामाजिक विकास)**

**प्रतिफल २.१ सँग सम्बन्धित (शिक्षा)**

१. विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका वालवालिकाहरुको तथ्यांक संकलन गरी सरोकारवालाहरुको सहभागितामा सबै वालवालिकाहरुलाई विद्यालय भर्ना गराईनेछ।
२. सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन र समुदाय-विद्यालय वीच समबन्ध सुधार गर्न अभिभावक शिक्षा तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

३. विद्यालयको भौतिक पक्ष सुदृढ वनाउन पुनः निर्माण तथा भौतिक पूर्वाधार न्यून भएका विद्यालयहरुमा भौतिक संरचना तथा सुविधा विस्तार गरिने छ ।
४. नगरपालिकामा प्राविधिक धारको शिक्षालय स्थापना गरी संचालन गर्न र नमूना विद्यालय विकासका लागि संघीय र प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
५. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्न एकमुष्ट अनुदान रकम उपलब्ध गराईने छ ।
६. शिक्षण सिकाईमा सुधार ल्याउन शिक्षकहरुलाई मागमा आधारित तालीम संचालन गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुमा पनि अंग्रजी माध्यमबाट पठनपाठन गराइने छ ।
८. बालबालिकहरुको बौद्धिक विकारका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गरी प्रोत्साहनका लागि पुरस्कारको समेत व्यवस्था गरिने छ ।
९. अपागं, निसहाय बालबालिकाहरुका लागि छुट्टै किसिमका छात्रवृत्तिको व्यवस्था गर्ने छ ।

**प्रतिफल २.२ सँग सम्बन्धित (स्वास्थ्य)**

१. संचालन भइरहेको प्रा.स्वा.के.हरुको प्राविधिक रुपमा स्तरोन्नती गरी अस्पताल बनाउनेछ ।
२. स्वास्थ्य संस्थाहरुबाट २४ घण्टा स्वास्थ्य सेवा संचालनको लागी नीति तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
३. आधारभूत स्वास्थ्य सेवामा आवश्यक साधन, प्रविधि तथा सामाग्री सहित पुर्वाधार व्यवस्थापन गरिने छ ।
४. स्वास्थ्य संस्थाको प्रभावकारी सेवा प्रवाहका लागि नियमित तथा प्रभावकारी नियमनको व्यवस्था गरिने छ ।
५. स्वास्थ्य विमाको लागि स्वस्थ्य संस्था, सामुदायिक संस्था, विद्यालय, आमा समूहहरुको समन्वयमा स्वास्थ्य विमा अभियानलाई प्रभावकारी बनाईने छ ।
६. स्वास्थ्य सेवा प्रवाहको लागि सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिईनेछ ।
७. स्वास्थ्य सेवामा सुधार ल्याउन स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।
८. आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तनको क्यान्सर र प्रोष्टेट, माईक्रास्कोपिक क्याम्प लगायतका लागि स्वस्थ्य शिविर संचालन गर्दा दातृ निकाय तथा स्थानीय स्वास्थ्य प्रतिष्ठानहरुसंग सहकार्य गरिने छ ।
९. गुणस्तरीय औषधी र स्वास्थ्य सामाग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवम् उपयोगलाई सुनिश्चित गरिनेछ ।
१०. सक्षम एवम् जवाफदेही समन्वय, अनुगमन, र नियमन संयन्त्र एवम् प्रक्रियाद्धारा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
११. गुणस्तरीय एवम् स्वास्थ्यवर्धक खाद्य पदार्थको प्रवर्धन, प्रयोग मार्फत कुपोषणलाई उन्मुलन गरिने छ ।
१२. स्वास्थ्य चौकीहरुमा क्रमशः ल्याव सेवा र चिकित्सकीय सेवा विस्तार गरिने छ ।
१३. मातृ तथा नवशिशु मृत्यु न्यूनिकरण गर्नको लागि गर्भवती समूह गठन गरी अत्यावश्यक प्रजनन स्वास्थ्य सेवामा जनचेतनाको साथै सेवाको पहुँच तथा उपयोगमा वृद्धि गरिने छ ।
१४. प्रत्येक वडामा सेवा उपलब्ध हुने गरी एम्वुलेन्स सेवा संचालन गरिने छ ।

**प्रतिफल २.३ संग सम्वन्धित (खानेपानी तथा सरसफाई)**

१. स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनवारे कार्यक्रमसंचालन गरिने छ ।
२. स्वच्छ खानेपानीमा सवैको पहुचका लागि कार्यक्रम तथा खानेपानी आयोजना विस्तार (धारा, कल ) गरिने छ ।
३. सरसफाईका लागि ढल व्यवस्थापन तथा डस्टविन विस्तार कार्यक्रम संचालन गरिने छ ।
४. डम्पिङ्ग साईट निर्माण तथा व्यवस्थापन गरिने छ ।
५. नगरपालिकास्तरीय खानेपानीको आर्सेनिक जांच गरिने छ ।
६. जोखिमपूर्ण अवस्थामा सरसफाई सम्वन्धी जनचेतना कार्यक्रम संचालन गरिने छ ।

**प्रतिफल २.४ संग सम्वन्धित (महिला, बालबालिका र लक्षित वर्ग)**

१. महिला तथा बालवालिका सम्बन्धी कार्यक्रमहरु महिला तथा बालवालिका शाखाको समन्वयमा सञ्चालन गरिने छ ।
२. बालवालिका हेरचाह केन्द्रहरुको विपन्न र पिछडिएका वर्गहरुको वस्तिमा खोल्न गैर सरकारी संस्थाहरुलाई प्रोत्साहन गरि परिचालन गरिने छ ।
३. महिला हिंसा विरुद्धको अभियान जनप्रतिनिधि, गैरसरकारी संस्था, निजी क्षेत्र, विद्यालय, विद्यार्थी, सञ्चार, आमा समूह, महिला समूह जस्ता संघ/संस्था,महिला सहकारी संस्था लगायतका क्षेत्रसंगको समन्वयमा प्रभावकारी बनाईने छ ।
४. अपांगता भएका र ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र उपलव्ध गराउन अभियान सञ्चालन गरिने छ ।
५. ज्येष्ठ नागरिक आरोग्य केन्द्र, विभिन्न संघ संस्था संस्थासंग समन्वय गरी सञ्चालन गरिने छ ।
६. जेष्ठ नागरिक तथा अपांगहरुको हेरचाहका लागी आवश्यक पूर्वाधार तथा संरक्षक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
७. बाल विवाह, बालश्रम, तथा बालवालिका प्रति हुने दुरव्यवहार न्युनिकरण गर्न अभियान सञ्चालन गरिने छ ।
८. विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको लागि जिवन उपयोगी सिप र स्वरोजगारका लागि विभिन्न कियाकलामहरु सञ्चालन गरिने छ ।
९. नगरलाई बालमैत्री घोषणा गर्ने प्रतिबद्धतालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

**लैङ्गिक समानता तथा महिला सशक्तिकरण**

१. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२. विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ ।
३. असहाय अवस्थामा रहेका एकल महिलालाई योग्यता र क्षमताको आधारमा सीप प्रदान गरि स्वरोजगार वनाई जीविकोपार्जनका लागी समुचित व्यवस्था गर्दै जाने,
४. जोखिम रहेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पिडित महिलालाई पुनर्स्थापना, संरक्षण, सशक्तिकरण गरी स्वाबलम्वी वनाउनेछ ।
५. लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिने छ ।

**अपाङ्गता**

१. अपाङ्गता भएको व्यक्तिहरुको क्षमता विकास एवम् उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजाने नीति लिईने छ ।
२. अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारी अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीको अवसरहरुलाई सिर्जना गरिने छ ।
३. अपांगता भएकाहरुलाई उपलव्ध गराईने सहायक सामग्री वितरण गर्दा गम्भिर प्रकृतिको अपांगता र जीवनस्तरमा सुधार ल्याउन सक्ने व्यक्तिलाई प्राथमिकता दिईने छ ।

**प्रतिफल २.५ संग सम्वन्धित (युवा तथा खेलकुद)**

१. व्यवासायिक खेलाडी विकासको नीति र कार्यक्रम संचालन गरिने छ ।
२. नगर तथा जिल्लास्तरको खेल अयोजना गरिने छ ।
३. खेल मैदानको तथा खेलको स्तरोन्नती गरिने छ ।
४. महिला खेलाडी प्रवर्द्धन तथा विकासको नीति अवलम्वन गरिने छ ।

५. खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने र नगरपालिका स्तरीय खेल मैदान निर्माणको लागी आवश्यक व्यवस्था मिलाईने छ ।
६. युवाहरुलाई जीवन उपयोगी सीप प्रदान गरी स्वरोजगार बनाइने छ ।
७. युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराइने छ ।

**प्रतिफल २.६ संग सम्वन्धित (कला संस्कृति)**

१. विभिन्न जातजातिको कला तथा संस्कृति संरक्षण तथा प्रवर्धनका नीति तथा कार्यक्रम संचालन गरिनेछ ।
२. संग्राहालय तथा सामुदायिक भवनहरु संरक्षण तथा विकास गरिनेछ ।
३. अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक तथा सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागी विशेष व्यवस्था गरिने छ ।

**असर ३ (पूर्वाधार विकास) संग सम्वन्धित**

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित)**

१. सडक, पुल तथा भवन निर्माण गर्नु पूर्व आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ ।
२. नगर यातायात गुरुयोजनाको प्राथमिकता अनुसार सडक आयोजना निर्माण र मर्मत संभार गरिनेछ ।
३. आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १० प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई आयोजना सञ्चालन गरिनेछ ।
४. उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदि) विषयमा व्यवस्थित रुपमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ ।
५. उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि तर्जुमा तथा परिमार्जन गरी सो अनुसार उपभोक्ता समितिद्वारा आयोजना कार्यान्वयन गरिनेछ ।
६. अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित रुपमा स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।
७. रु. ५० लाख सम्म लागतका स्थानीय श्रोत साधन, श्रमशक्ति र समुदायको सहभागिता तोकिए बमोजिम हुने आयोजना मात्र उपभोक्ता समितिबाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
८. आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिबृद्धि गरिनेछ ।
९. टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारु गरिनेछ ।
१०. स्थानीय समुदायको सहभागिता नगरपालिकाबाट स्वीकृत भवनसंहिता र मापदण्ड अनुसार सडक चौडा गरिनेछ ।

११. पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता बृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक तथा मध्यवर्ती वन उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत समेत कार्यान्वयन गर्ने व्यवस्थापन गरिनेछ।

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन)**

१. नगर यातायात गुरुयोजनामा निर्धारित सडकको क्षेत्राधिकार तथा भवन निर्माण सम्बन्धी स्विकृत मापदण्ड बारे नगरवासीलाई जानकारी दिई सो को परिपालना अभिबृद्धि गरिनेछ।
२. भवन भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिबारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शा पास स्विकृत गरी भवन तथा संरचना निर्माण कार्य तथा सो को अनुगमनलाई नियमित गरिनेछ।
३. बाँध, स्पर तथा पानी निकास नाला निर्माण गरी जोखिममा रहेका बस्ती, पूर्वाधारहरूको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ।
४. ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापन बारे कानूनी र नीतिगत व्यवस्थाको लागि नेपाल सरकारसँग पैरवी गरिनेछ।
५. नगर यातायात गुरुयोजनामा निर्धारित सडकको क्षेत्राधिकार मूल सडक (क वर्ग) को कम्तीमा २० मिटर, शाखा सडक (ख वर्ग) को १२ मिटर, सहायक सडक (ग वर्ग) को ९ मिटर र भित्री सडक (घ वर्ग) को ६ मिटर कायम गरी सडक निर्माण गरिनेछ।
६. जनता आवास कार्यक्रमको लागि संघीय तथा सम्वन्धित निकायसँग समन्वय गरिनेछ।
७. स्वीकृत भूउपयोग नीति र योजना अनुसार आवास तथा व्यवायिक भवन निर्माण गर्न सहजीकरण गरिनेछ र सो को विपरित निर्माण भएमा सम्बन्धित घरधनी तथा व्यवसायीलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ छ।
८. स्वीकृत भूउपयोग नीति र योजना विपरित तथा नक्शा पास नगरी भवन तथा संरचना निर्माण गरेमा उक्त संरचना भत्काइनेछ र भत्काउन लाग्ने खर्च नीजबाट असुल उपर गरिनेछ।

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्युत र वैकल्पिक उर्जा)**

१. गैर सरकारी संस्था र टोल विकास संस्था परिचालन गरी वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार गरिनेछ।
२. स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरी विद्युत चोरी नियन्त्रण गरिनेछ।
३. स्थानीय उपभोक्ता/नगरपालिका र विद्युत प्राधिकरणको लागत सहभागिता सहभागिता विद्युत ट्रान्सफर्मर क्षमता बृद्धि र जिर्ण पोल तथा लाइन मर्मत गरिनेछ।
४. विद्युत लाइन पुग्न नसकेका वस्तीका घरपरिवारलाई सोलार प्रणाली जडान गर्न अनुदान प्रदान गरिनेछ।
५. वायोग्यास तथा सुधारिएको चुल्हो र सोलार प्रणाली विपन्न समुदायका घरपरिवारका अनुदानको व्यवस्था गरिनेछ।
६. कृषकलाई सिंचाई सुविधा उपलब्ध गराउन कृषि विद्युतीकरणका लागि विद्युत प्राधिकरणसँग साझेदारी गरी विद्युत लाइन तथा ट्रान्सफर्मर व्यवस्था गरिनेछ।

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित)**

१. विद्युतीय हाजिरी, सफ्टवयर, ग्रुप एसएमएस, मोबाइल एप्स् निर्माण, इन्ट्रानेट, इन्टरनेट जस्ता सूचना प्रविधि प्रवर्धन गरी सेवा प्रवाह विद्युतीय प्रणालीमा आधारित, सहज र चुस्त बनाइनेछ।
२. नगरपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण, सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरिक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणकोलागि स्थानीय मिडियाको परिचालन प्राथमिकता दिइनेछ।
३. नगर कार्यपालिका कार्यालयमा एकीकृत सेवा प्रवाहसँगै इन्टरनेट, इन्ट्रानेट, र सिसिटिभी क्यामेरा जडान तथा सबै वडा कार्यालय, सेवा केन्दहरूमा क्रमशः पनि विस्तार गरिनेछ।
४. पालो व्यवस्थापन प्रणाली, गुनासो सुनुवाई संयन्त्र, सूचना प्रवाह, हेल्प डेस्क तथा नियमित अन्तरक्रियाको माध्यमबाट सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनेछ।

**असर ४ (वन, वातावरण तथा विपद) संग सम्वन्धित**

**प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता)**

१. सार्वजानिक जग्गा बाटो छेउ र ऐलानी जग्गा पहिचान गरी वृक्षारोपण कार्य गरिने छ।
२. जीआईएस प्रवृधि अपनाएर जग्गाको अवस्थाका बारेमा रेकर्ड राखिने कार्य गरिनेछ।
३. नपाका वडाहरुमा रहेका सार्वजानिक पर्ति तथा सरकारी जग्गाहरुमा बढदै गएको अतिक्रमणलाई निरुत्साहित गर्न सम्पूर्ण सार्वजानिक पर्ति एवं सार्वजानिक जग्गाको लागत संकलन गरि अध्यावधिक सहितको पुस्तिका प्रकाशन गरिने छ। यस कार्यमा स्थानीय वाल क्लब, आमा समुह, महिला समुह तथा सामाजिक संघ संस्था तथा नागरिक समाजलाई परिचालन गरिनेछ।
४. साझेदारी, साम्दायिक तथा निजि क्षेत्रलाई प्रोत्साहन गर्दै दिगो वन (नर्सरी) व्यवस्थापन तथा व्यवसायिक उपयोगमा जोड दिइने।
५. नपा भित्र पोखरी मर्मत सम्भार गरी निजी र साझेदारी आवधारण अवलम्वन गरिनेछ।
६. पार्क, बगैंचा लगायत संभाव्य सम्पदाहरुको समुचित विकास तथा परिचालन गर्न र्सावजानिक निजि साझेदारी निति मार्फत अघि बढाइने छ।
७. नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानिय समुदायलाई प्राथमिकता र अग्रअधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने व्यवस्था गरिने छ।
८. प्राकृतिक खुला चिडियाखानाको निर्माण गरिनेछ।
९. साझेदारी बनको व्यवस्थापन कार्यलाई लाई निरन्तरता दिईनेछ।
१०. गैरकाष्ठ वन उत्पादनको कार्यलाई निरन्तरता दिईनेछ।

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भुमि संरक्षण)**

१. सार्वजनिक स्थलमा रहेका नपाको क्षेत्रधिकार भित्र पर्ने पोखरी, सिमसार, चरन आदि जस्ता प्राकृतिक श्रोत सम्पदाको संरक्षण र प्रर्वद्धन गर्दै नदी कटान नियन्त्रण गरिने छ।
२. वृक्षारोपण अभियानलाई (आय आर्जन र सौन्दर्यतायुक्त) निरन्तरता दिईनेछ।

**प्रतिफल ४.३ सँग सम्बन्धित (वातावरणीय स्वच्छता र सुन्दरता)**

१. नगर पालिकामा उत्सर्जित ठोस फोहरलाई गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारीमा व्यवसायिकीकरण गर्दै व्यवस्थापन गरिनेछ।
२. नगर पालिका क्षेत्रमा घर निर्माणलाई वृक्षारोपणसँग (एक घर दुई रुख) जोडेर लगिनेछ।
३. जमिनको उपयोगिताको आधारमा भु उपयोग निती तथो जोनिंग निर्धारण गरिनेछ।

४. गैसस र अन्य संघ संस्थासँग समन्वय गरी पूर्ण सरसफाई अभियान तथा बैकल्पिक उर्जामा सहयोग हुने कार्यक्रम संचालन गरिनेछ ।
५. प्लाष्टिकजन्य सामाग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनुकासाथै आयआर्जनसंग जोडिनेछ ।
६. नगर पालिका क्षेत्रको सौन्दर्य कायम गर्न अव्यवस्थित फुटपाथ व्यवसायलाई व्यवस्थित गरिनेछ ।
७. नगरपालिका भित्र रहेका धार्मिक स्थल, मठ, मन्दिर, ताल, पोखरी, सिमसार क्षेत्रलाई संरक्षण गरि प्राथमिकता दिइनेछ ।
८. नगर पालिका क्षेत्र भित्र सौर्य उर्जा जडान गरिनेछ ।
९. विपन्न परिवारलाई सुधारिएको चुलो कार्यक्रममा सहभागी गराइनेछ ।
१०. नगरपालिकामा भएका पार्क, वगौचा लगायत सम्भावित सम्पदाहरुको समुचित विकास परिचालन गर्न सार्वजनिक निजी साझेदारीवाट अगाडी बढाइउने ।
११. घरपालुवा चौपायाहरुलाई सडकमा बाँधिने जस्ता कामलाई निरुत्साहित गर्दै जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।
१२. छिमेकी स्थानीय तहसंग समन्वय गरी डम्पिड/ल्याण्डफिल साईट संयूक्तरुपमा संचालनमा ल्याउन पहल गरिनेछ ।

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन)**

१. तटबन्ध निर्माण गरिएको क्षेत्रमा बृक्षारोपण कार्यक्रम गरिने छ ।
२. विपद व्यवस्थापनका लागि विपदपूर्व तथा विपद पश्चातगर्नु पर्ने सचेतना तथा प्रतिकार्य योजनातयार गरी समुदायको सक्षमता विकास गरी क्षति न्युनीकरण गरिनेछ ।
३. विपद तथा उच्च जोखिममा परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यकम संचालन गरिनेछ ।
४. प्राकृतिक प्रकोपबाट हुने जोखिम, न्यूनिकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम पूर्ण स्थापना गरिने छ ।
५. समुदायमा आधारित विपद जोखिम न्यूनिकरण तथा विपद ब्यवस्थापनको योजना तर्जुमा गरिनेछ ।
६. विपदबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित बास स्थानको व्यवस्था गरिने छ ।
७. भवन आचारसँहिता, निति नियम बनाई कार्यन्वयन गरिनेछ ।
८. नदि उत्खन्नमा रोक लगाईने छ ।
९. छिमेकी स्थानीय तहसंग समन्वय गरी दमकलको व्यवस्थापन तथा संचालन गरिनेछ ।

**असर ५ (सुशासन तथा क्षमता विकास) संग सम्बन्धित**

**प्रतिफल ५.१ संग संबन्धित (ऐन, नियम तथा कार्यविधि तर्जुमा र परिपालना)**

१. पारदर्शिता तथा जवाफदेहिताका लागि कार्यविधि तयार गरि लागु गर्ने ।
२. क्षतिपुर्ति सहितको नागरीक वडापत्र लागु गरिनेछ ।
३. निर्माण भएका ऐन, नियम तथा कार्यविधि प्रभावकारी रुपमा जानकारी तथा कार्यान्वयन गरिनेछ ।
४. सेवा प्रवाह सम्बन्धी गुनासो सुन्ने निश्चित शाखा र अधिकारीको व्यवस्था गरिनेछ ।
५. उपभोक्ता समिति परिचालन कार्यविधि बमोजिम आयोजना संचालन गराई सवै वडा कार्यालय लगायतलाई जानकारी गराउने साथै उनिहरुलाई क्षमता अभिबृद्धि का लागि तालिमको व्यवस्था गरिने छ ।
६. चौमासिक रुपमा सार्वजनिक सुनवाई गरीनेछ । सार्वजनिक सुनवाई गर्दा नागरिक सन्तुष्टिमापनको प्रतिवेदन समेत प्रस्तुत गरिनेछ ।
७. नगर सुचना तथा तथ्याँक केन्द्र स्थापना र सूचना अधिकारी तोकी सुचना प्रवाह व्यवस्थित गरिनेछ ।

८. तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।
९. विद्युतिय शासनको अवधारणा अनुसार सेवा प्रवाह गरिनेछ ।
१०. आन्तरिक लेखा परिक्षण शाखा स्थापना तथा व्यवस्थित गरिनेछ ।
११. मासिक दुई पटक रेडियो मार्फत हेलो मेयर कार्यक्रम संचालन गरिनेछ (प्रत्यक्ष प्रसारण)।
१२. वडामा मेयर कार्यक्रम संचालन गरी मासिक एक पटक नगरप्रमुख तथा उप प्रमुख वाट वडामा सेवा प्रवाह तथा अवलोकन गरिनेछ ।
१३. सेवा प्रवाह सम्वन्धमा अवलोकन राय सुझावका लागि वार्षिक दुई पटक नागरिक अनुगमन सुनिश्चित गरिनेछ ।
१४. सवारी साधन परिचालनको कार्यविधि तय गरिनेछ र उत्पादनमुलक कार्यमा प्रयोग गरिनेछ ।
१५. नपा, वडा तथा अन्तर्गतका कार्यालयमा शुद्ध खानेपानी, शौचालय र प्रतिक्षाकक्ष व्यवस्थापन गरिनेछ ।
१६. प्रत्येक वर्ष लैङ्गिक उत्तरदायी बजेट परिक्षण गरिनेछ ।

**प्रतिफल ५.२ सग संबन्धित(संस्थागत तथा मानव संशाधन विकास)**

१. नपाको भवन र भवन नभएका वडा वडा कार्यालयलाई भवन निर्माणमा प्राथमिकता दिईनेछ । जिर्ण कार्यालय भवनलाई मापदण्ड अनुसार पुननिर्माण गरीनेछ ।
२. संगठन तथा व्यवस्थापन अध्ययन गरी सो अनुसार संगठन तथा शाखा व्यवस्थित गरिनेछ । र सो अनुसार आवश्यक दरवन्दी परिपुर्तिका सम्बन्धित निकायमा पहल गरिनेछ ।
३. विद्युतिय शासन प्रणाली अनुसार सेवा प्रवाह गर्दै लगिनेछ र यसका लागि पुर्वाधार तथा मानविय जनशक्ति तयार गरिनेछ ।
४. नपा क्षेत्रमा भएका समुह तथा स्थानीय संघ संस्थालाई नपाको प्राथमिकताका क्षेत्र अनुसार समन्वय तथा परिचालन र आवश्यकता अनुसार क्षमता विकास गरिनेछ ।
५. कर्मचारी तथा जनप्रतिनिधीहरुलाई वार्षिक दुई पटक क्षमता विकासका कार्यक्रमहरु (स्थानीय सरकार संचालन, सूचना प्रविधि, योजना तथा बजेट) संचालन गरिनेछ ।
६. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई नमुना स्थानीतह लगायतका स्थानमा अध्ययन अवलोकन तथा सिकाई आदान प्रदान गरिनेछ ।
७. नपा, वडा तथा विषयगत शाखाका कार्यकक्ष र बैठक कक्षलाई आधारभुत पुर्वाधार सहित सुविधा सम्पन्न गरिनेछ ।
८. प्रत्येक वर्ष उत्कृष्ठ ३ जना कर्मचारी र ३ जना जनप्रतिनिधिलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

**प्रतिफल ५.३ सँग संबन्धित (श्रोत परिचालन)**

१. आन्तरिक आयको अध्ययन तथा राजश्व सुधार कार्ययोजनालाई हरेक तीन वर्षमा अध्यावधिक गरिनेछ र सोको कार्यान्वयन गरिनेछ ।
२. आन्तरिक आय वृद्धिका लागि अधिकार स्थानीय तहको क्षेत्रभित्रका दायरा वढाई दर कम गर्ने प्रयास गरिनेछ । यसका लागि सम्पत्ती कर, व्यवसाय कर, प्राकृतिक श्रोत विक्रि, सार्वजनिक जमिनमा वनेका संरचनामा वहाल विटौरी, निजि विद्यालय आदि संग कर तथा शुल्क संकलनको नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
३. अनुदान वृद्धिका लागि संघ तथा प्रदेश संग समन्वय तथा पैरवी गरिनेछ ।
४. विकास सझेदारको सहयोग रकम नपाको प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहजिकरण गर्ने र उनीहरुको योजना नपाको वार्षिक योजनामा समावेश गरिने छ ।
५. नपा क्षेत्रभित्रका वचत तथा सहकारीलाई उद्यम तथा व्यवसाय प्रवर्धनमा परिचालन गर्न योजना तथा नीति निर्धारण गरिने छ ।
६. सहकारी संस्था तथा अन्य समुहहरुको प्रभावकारी अनुगमन तथा समन्वय गरिने छ ।

७. विकास साझेदार लगायत सबै गैसस र दातृ निकायहरुको सूचि तयार गरी समन्वयका लागि गैसस डेक्स स्थापना तथा संचालन गरिनेछ ।
८. प्रत्येक वर्ष वडा र नपा स्तरमा करदाता शिक्षा संचालन गरिनेछ ।
९. प्रत्येक वर्ष ३ जना उत्कृष्ठ करदालाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
१०. अन्य स्थानीय तह संग आवश्यकता अनुसार समन्वय गरी लागत सहभागिता तथा साझेदारीमा स्थानीय आवश्यकता सम्वोधनका लागि पहल गरिनेछ ।
११. ठुला आयोजना संचालनका लागि आन्तरिक तथा वाह्य ऋण परिचालन गरिनेछ ।

**प्रतिफल ५.४ सँग संबन्धित (योजना व्यवस्थापन)**

१. हरेक वर्ष स्थानीय तथ्याँक तथा वास्तविक आवश्यकताको आधारमा विषयक्षेत्र र वडाहरुको बजेट सिलिङ्ग तोकीनेछ ।
२. नतिजामुलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याँकनको कार्यविधि तयार गरी लागु गरिनेछ ।
३. चौमासिक रुपमा योजना कार्यन्वयन तथा प्रगतिको समिक्षा गरिनेछ ।
४. नतिजामुलक आवधिक योजना तेश्रो मध्यावधि मूल्याँकन तथा अध्यावधिक गरिनेछ । साथै शिक्षा, स्वास्थ्य र कृषि विषयक्षेत्रको रणनीतिक योजना तर्जुमा गरिनेछ ।
५. बजेट तथा कार्यक्रम तर्जुमा निर्देशिका अनुसारको समय, प्रकृया तथा चरण अवलम्वन गर्दै योजना तर्जुमा गरिनेछ ।
६. उपभोक्ता समितिलाई प्रत्येक वर्ष क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ ।
७. प्रत्येक वर्ष ३ वटा उत्कृष्ठ उपभोक्तालाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
८. सहभागिमूलक पद्दती अनुसार क्रमशः वस्ती, वडा, विषयगत समितिमा छलफल गरी बार्षिक बजेट तथा योजना तर्जुमा गरिनेछ ।
९. लक्षित वर्ग (महिला, बालबालिका तथा पछाडी पारिएको वर्ग)को सशक्तिकरणका लागि वार्षिक पुजीगत बजेटको १५ प्रतिशत बजेट विनियोजन गरिनेछ ।

# परिच्छेद ४
# कार्यान्वयन योजना

## ४.१ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक योजना नतिजा तालिका अनुसार तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडबाँडको रकम, अन्तरसरकारी वित्तीय हस्तान्तरण, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ । योजनाको लागि संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### तालिका ९: प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कूल |
| नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | २९२०० | ३०६६० | ३१००० | ३४१०० | ४०००० | १६४९६० |
| राजस्व बाँडबाँड (संघ) | ७८१०० | ८९८१५ | १२०००० | १३८००० | १५०००० | ५७५९१५ |
| राजस्व बाँडफाँड (प्रदेश) | १०००० | १०००० | १५००० | १८००० | २५००० | ७८००० |
| वित्तिय समानिकरण (संघ) | ११९००० | १४२८०० | १५०००० | १७२५०० | १८०००० | ७६४३०० |
| वित्तिय समानिकरण (प्रदेश) | २९३७ | १०००० | १५००० | २०००० | ३०००० | ७७९३७ |
| शसर्त अनुदान (संघ) | १२४२०० | १३६६२० | १५०२८२ | १६५३१० | १८१८४१ | ७५८२५३ |
| विशेष अनुदान | ० | १०००० | २०००० | २५००० | ३०००० | ८५००० |
| समपुरक अनुदान | ० | १०००० | २०००० | २५००० | ३०००० | ८५००० |
| गैसस | २०००० | २४००० | ५००० | ६००० | १०००० | ६५००० |
| समुदायको लगानी | १०००० | १२५०० | १५००० | १७५०० | २०००० | ७५००० |
| निजि क्षेत्र | १००० | ३००० | ५००० | ७००० | १०००० | २६००० |
| **जम्मा** | **३९४४३७** | **४७९३९५** | **५४६२८२** | **६२८४१०** | **७०६८४१** | **२७५५३६५** |

## ४.२ कार्यक्रम तथा योजना

आवधिक योजनाको लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने प्रतिफल तथा विषयक्षेत्र अनुसार योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी तालिका १० मा प्रस्तुत गरिएको छ ।

### तालिका १०: आवधिक योजनाको नतीजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| **१. आर्थिक विकास** | | | | | |
| **प्रतिफल १.१ कृषिको व्यवसायिकरण, विविधिकरण र सेवाको पहुँचमा बृद्धि भएको हुनेछ ।** | | | | | |
| १.१.१. खाद्यान्न वीज वृद्धि कार्यक्रम | हे. | ० | २०० | १८०० | धान १०० हे., गहुँ १०० हे. र मकै ५० हे. (समूह, सहकारी र निजी) |
| १.१.२. खाद्यान्न भण्डारण स्थापना एवं संचालन | वटा (मे.ट.) | ० | २ (५००/५००) | १०००० | वडा नं. ३, वडनिहार र वडा नं. ५ पंचरुखी (खाद्यान्न एवं वीउ भण्डारण) |
| १.१.३. व्यवसायिक उत्पादनका लागि गुणस्तरीय एवं उन्नत वीउ विजन, मल, औजार वितरण प्रणाली व्यवस्थापन कार्यक्रम | संख्या | ० | १ | २५००० | सवै वडामा खाद्यान्न तथा तरकारीको व्यवसायिक उत्पादन (सक्षम समूह, सहकारी, एग्रोभेट मार्फत अनुदान कार्यक्रम) |
| १.१.४. व्यवसायिक तरकारी उत्पादनका कृषि फर्महरुको स्थापना | संख्या | ० | २० | ६००० | सवै वडामा (सक्षम समूह, सहकारी र निजी फर्म) |
| १.१.५. कोल्डस्टोरको स्थापना | संख्या (मे.ट.) | ० | १ (१०००) | ५०००० | सहकारी वा निजी क्षेत्रसंगको सहकार्यमा वडा नं. ५ को जिङ्गना |
| १.१.६. कृषि उपज वजारस्थलको स्तरोन्नती एवं निर्माण | संख्या | २ | ३ | १५००० | वडा नं. ५ को बहुअर्वा चोक र वडा ३ को बडनिहारमा नयाँ निर्माण र वडा नं. १ को मनवा वजार स्तरोन्नती |
| १.१.७. व्यवसायिक उत्पादनका लागि क्षमता विकास कार्यक्रम | संख्या | ० | १ | ५००० | सवै वडा समेट्ने |
| १.१.८. माटो परीक्षण शिविर संचालन | पटक | ० | ४५ | २५०० | ३ वटा प्रमुख वजार केन्द्रित रहने गरी |
| १.१.९. वाली उपचार शिविर संचालन | पटक | ० | ४५ | २५०० | सवै वडा |
| १.१.१०. वाली विमा कार्यक्रम | संख्या | ० | १ | १००० | |
| **प्रतिफल १.१ (कृषि विकास) जम्मा** | | | | **११८८००** | |
| **प्रतिफल १.२ सिंचाई सुविधाको विकास र विस्तार भएको हुनेछ ।** | | | | | |
| १.२.१. तटवन्ध निर्माण गरी सिंचाई नहर संचालन | किमि | ४ | २५ | ३००००० | **सिंगियाई, फन्टी,** फोकाह, भरौडा, दोकर, डोंडा, आमोदेवी खोला |
| १.२.२. डिप बोरिंग जडान कार्यक्रम | संख्या | ४ | १० | ९००० | वडा नं. ३ र ८ को सिमाना, वडा नं. ४ र ५ को विचमा, वडा नं. ९ तेलिया, |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| १.२.३. स्यालो ट्यूववेल जडान (विद्युत मोटर सहित) | संख्या | १५०० | २००० | ३५०० | |
| **प्रतिफल १.२ (सिंचाई) जम्मा** | | | | **३१२५००** | |
| **प्रतिफल १.३ व्यवसायिक पशुपालन एवं पशु सेवामा वृद्धि भएको हुनेछ।** | | | | | |
| १.३.१. नश्ल सुधार कार्यक्रम संचालन | संख्या | ० | १ | २००० | बोयर बोका वितरण ५ वटा, उन्नत राँगा वितरण ५ वटा, कृत्रिम गर्भाधान २००० पशुसंख्या |
| १.३.२. व्यवसायिक पशुपालन फर्मको स्थापना | संख्या | २० | १२० | ३०००० | सवै वडामा गाईभैंसीको १०, वाख्रापालन २०, बंगुरपालन २० वटा र कुखुरापालन ७० वटा |
| १.३.३. दुग्ध संकलन तथा चिस्यान केन्द्र स्थापना | संख्या | ३ | १० | ५५०० | चिस्यान केन्द्र वडनिहारमा र संकलन केन्द्र प्रत्येक वडामा सहकारी मार्फत |
| १.३.४. खसीबोका संकलन तथा बिक्री केन्द्र स्थापना | संख्या | ० | १ | २५०० | वडा नं. १ को मनवा वजार |
| १.३.५. उन्नत घाँसखेती विकास कार्यक्रम | हे. | ० | १०० | ५००० | सवै वडामा (सक्षम समूह, सहकारी र निजी फर्म) |
| १.३.६. पशुधन विमा कार्यक्रम | संख्या | ० | १ | २००० | सवै वडा |
| १.३.७. पशु उपचार सेवा कार्यक्रम | संख्या | ० | १ | ५००० | सवै वडा |
| १.३.८. व्यवसायिक माछापालन प्रोत्साहन कार्यक्रम | संख्या | ० | १ | ३०००० | सार्वजनिक पोखरी १० वटा र निजी साना ठूला २५० वटा |
| **प्रतिफल १.३ (पशु विकास) जम्मा** | | | | **८२०००** | |
| **प्रतिफल १.४ उद्यम व्यवसायको सिर्जना तथा विकास बृद्धि भएको हुनेछ।** | | | | | |
| १.४.१. खाद्यान्न प्रसोधन उद्यागको स्थापना | संख्या | ० | ३ | १०००० | निजी क्षेत्रको लगानीमा (खाद्यान्न, दाल र पिठो) |
| १.४.२. दुग्ध प्रशोधन उद्योगको स्थापना | संख्या | ० | १ | २५००० | निजी क्षेत्रको लगानीमा |
| १.४.३. बेतवाँसमा आधारित घरेलु उद्योगहरुको स्थापना | संख्या | ० | २ | २००० | समूह, सहकारी र निजी |
| १.४.४. युवा लक्षित सीपमूलक कार्यक्रम | जना | ० | ५०० | १०००० | सवै वडा |
| १.४.५. युवा लक्षित व्यवसाय सहयोग कार्यक्रम | संख्या | ० | १ | २००० | १०० जना युवा |
| १.४.६. व्यवसायिक योजना निर्माणमा सहजीकरण | संख्या | ० | १०० | १५०० | सवै वडा |
| **प्रतिफल १.४ (उद्यम तथा व्यवसाय) जम्मा** | | | | **५०५००** | |
| **प्रतिफल १.५ पर्यटकीय सेवा तथा सुविधाको प्रवर्धन र पूवार्धार विकास भएको हुनेछ।** | | | | | |
| १,५.१ पर्यटकीय स्थलको पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | ८०००० | ४ वटै स्थलको समग्र विकास |
| १,५.२ कृषि पर्यटन स्थलको विकास (स्थान) | संख्या | ० | २ | १५०० | वडा नं. २ र ५ को सार्वजनिक पोखरी रहेको स्थान |
| १,५.३ पर्यटन सूचना केन्द्रको स्थापना | संख्या | ० | १ | २५०० | न.पा. केन्द्र, हरपुर |
| १,५.४ पर्यटन सम्बन्धी तालीम संचालन | पटक | ० | ३ | २५०० | |
| १,५.५ होम स्टे संचालन तथा व्यवस्थापन | घरधुरी संख्या | ० | २५ | २५०० | कुक तथा सत्कार तालीम समेत |
| **प्रतिफल १.५( पर्यटन विकास) जम्मा** | | | | **८९०००** | |
| **प्रतिफल १.६** बैंक तथा वित्तीय सेवा विस्तार तथा पहुँच बृद्धि भएको हुनेछ। | | | | | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| १.६.१ वित्तिय साक्षरता तालीम संचालन | पटक | ० | १० | १५०० | सवै वडा |
| १.६.२ सहकारीको क्षमता विकास कार्यक्रम | संख्या | ० | १ | ३००० | सवै वडा |
| **प्रतिफल १.६ (बैंक तथा वित्तिय संस्था) जम्मा** | | | | **४५००** | |
| **आर्थिक विकास कुल जम्मा** | | | | **६५७३००** | |
| **२. सामाजिक विकास** | | | | | |
| **प्रतिफल २.१ शैक्षिक संस्थाको संस्थागत क्षमता, आधारभूत, माध्यामिक तथा प्राविधिक शिक्षामा सहज पहुँच र शैक्षिक गुणस्तरमा अभिबृद्धि भएको हुनेछ ।** | | | | | |
| २.१.१ विद्यार्थी भर्ना अभियान कार्यक्रम | पटक | १ | ६ | २५०० | हरेक विद्यालयमा<br>• घरदैलो, रेडियो, बैठक, बालक्लव तथा विद्यार्थी परिचालन |
| २.१.२ विद्यालय पुननिर्माण कार्यक्रम (भवन, कम्पाउण्ड, फर्निचर) | संख्या | | २५ | १००००० | |
| २.१.३ शिक्षक क्षमता अभिबृद्धि कार्यक्रम | जना | | १५० | १५००० | |
| २.१.४ अंग्रेजी माध्यम भाषा शिक्षण कार्यक्रम (विद्यालय संख्या) | वटा | ० | ३० | ४५००० | |
| २.१.५ विद्यालय अनुगमन कार्यक्रम (E हाजिरी, CC Camera जडान) | विद्यालय संख्या | ० | ३० | १५०० | |
| २.१.६ ECD कक्षहरुको व्यवस्थापन (गलैचा, टेवल) | संख्या | ३० | ३० | १५०० | |
| २.१.७ पुस्तकालय स्थापना तथा स्तरोन्नति कार्यक्रम | कक्षा | ३ | ३० | १०००० | |
| २.१.८ बालमैत्री कक्षा कोठा व्यवस्थापन कार्यक्रम (विद्यालय संख्या) | वटा | ७ | ३० | १५०००० | सवै विद्यालयहरुमा |
| २.१.९ बाल तथा छात्रमैत्री शौचालय निर्माण कार्यक्रम | संख्या | १ | १६ | ८००० | १४ वटा आधारभुत र २ वटा मावि विद्यालयहरुमा |
| २.१.१० विद्यालयमा खानेपानी तथा सरसफाई व्यवस्थापन | संख्या | २० | ३० | ५०० | |
| २.१.११ प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन | संख्या | ० | १ | ५०००० | संघीय सरकार र विकास साझेदार संगको समन्वय |
| २.१.१२ अतिरिक्त शिक्षक व्यवस्थापन कार्यक्रम (मर्ज तथा नयाँ शिक्षक) | संख्या | ० | १० | ६००० | |
| २.१.१३ उपमेयार महिला शिक्षा प्रवर्द्धन कार्यक्रम (यौन तथा शारिरकि हिंसा विरुद्ध सचेतना, प्रजनन् शिक्षा, हेल्लो उपमेयर, साईकल वितरण) | जना | ० | ७५० | १०००० | मध्यमिक तह भन्दा माथि जाने महिला विद्यार्थी |
| **प्रतिफल २.१ को जम्मा** | | | | ४००००० | |
| **प्रतिफल २.२ स्वास्थ्य संस्थाको संस्थागत क्षमता तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।** | | | | | |
| २.२.१ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण कार्यक्रम | संख्या | ५ | ९ | २०००० | वडा नं. १, ३, ७, ९ |
| २.२.२ उपकरण तथा फर्निचर व्यववस्थापन कार्यक्रम | संख्या | ५ | ९ | ६००० | वडा नं. १, ३, ७, ९ |
| २.२.३ आवश्यकता अनुसारको औषधि व्यवस्थापन | संख्या | ५ | ९ | ९००० | सवै स्वस्थ्य संस्था |
| २.२.४ अस्पताल स्थापना तथा सञ्चालन (२५ शैया र सर्पदम्स सेवा समेत) | वटा | ० | १ | २००००० | |
| २.२.५ वर्थिङ सेन्टर सञ्चालन | जना | २ | ९ | १००० | थप वडा १, ३, ४, ५, ७, ८, ९ |
| २.२.६ ओ.टि.सि. सञ्चालन कार्यक्रम | जना | २ | ९ | ३५० | वडा १, २, ३, ५, ७, ८, ९ |
| २.२.७ गर्भधारण तथा जन्मान्तर सम्बन्धी सचेतना कार्यक्रम | जना | ० | ४५०० | २५०० | हरेक वडाबाट १०० जना ५ वर्ष सम्म |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| २.२.८ बहुक्षेत्रीय योजना कार्यक्रम सञ्चालनको लागि सहकार्य | जना | ४०० | २००० | १२५०० | युनिसेफ र स्थनीय तहको सहकार्यबाट सञ्चालन गर्ने |
| २.२.९ एम्बुले व्यवास्थापन कार्यक्रम | संख्या | २ | ९ | ८४०० | एक वडा एक एम्बुेन्स |
| २.२.१० स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी व्यवस्थापन | वटा | १ | ९ | ३२० | सबै स्वास्थ्य संस्थामा |
| **प्रतिफल २.२ को जम्मा** | | | | २६००७० | |
| **प्रतिफल २.३ गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा सुविधामा पहुँच वृद्धि भएको हुनेछ।** | | | | | |
| २.३.१ विपन्न वर्गाका लागि चापाकल वितरण तथा जडान कार्यक्रम | घरधुरी | १५० | १००० | ५०००० | वडा १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| २.३.२ ओभरहेड टयाङ्को निर्माण | वटा | ० | ३ | १५०००० | संघ र प्रदेशसँग समन्वय गर्ने |
| २.३.३ सरसफाई सम्बन्धी जनचेतना कार्यकम (वस्ती संख्या) | वटा | ० | १५० | १५०० | |
| २.३.४ आर्सेनिक तथा आईरण परिक्षण प्रयोगशाला स्थापना | वटा | ० | १ | २००० | नगरस्तरीय |
| २.३.५ डम्पिङ साईट निर्माण कार्यक्रम | वटा | ० | ३ | ६००० | वस्तिहरुलाई ध्यानमा राखी ३ स्थानमा |
| २.३.६ फोहर संकलन तथा व्यवस्थापन प्रणलीको विकास | संख्या | ० | ९ | १००० | सबै वडालई समेट्ने गरी |
| २.३.७ सार्वजनिक शौचालय | वटा | १ | ९ | १२००० | सार्वजनिक बजारहरुमा |
| २.३.८ खुल्ला दिशामुक्त नगर घोषण अभियान कार्यक्रम | वटा | ५ | ९ | ६०० | बाँकी वडाहरुमा |
| **प्रतिफल २.३ को जम्मा** | | | | २२३१०० | |
| **प्रतिफल २.४ विपन्न तथा लक्षित वर्गको सशक्तिकरण तथा क्षमता अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| २.४.१ महिला बिकास कार्यक्रम (समूह, समिति, निग्रानी समूह, सहकारी संस्था), | वटा | १९ | १८७ | ७०० | सबै वडामा |
| २.४.२ बहुविवाह दहेज प्रथा, बाल विवाह तथा लैगिक हिंसा विरुद्ध सचेतना ( कनूनी, सडक नाटक, सञ्चार माध्यम) | पटक | ९ | ४५ | १००० | हरेक वडामा प्रत्येक वर्ष |
| २.४.३ महिला सहकारी संस्थाहरुलाई व्यवासायिक तरकारी खेती व्यवस्थापन | जना | ० | २०० | ४००० | बिकास साझेदारहरुसंगको सहकार्यमा सबै महिला सहकारी संस्थामा |
| २.४.४ युवा महिला उद्यमी प्रवर्द्धन कार्यक्रम | संख्या | ५० | २०० | ५००० | बिकास साझेदारहरुसंगको सहकार्यमा सबै वडामा |
| २.४.५ विपन्न तथा एकल महिलाहरुको सिपमुलक/आयमुलक कार्यक्रम | संख्या | ८० | ५०० | ५००० | |
| २.४.६ लैंगिक हिंसा पिडित महिला तथा बालवालिका पुनस्थापना केन्द्र | वटा | ० | १ | १००० | नगरस्तरीय |
| २.४.७ दिवशीय कार्यक्रम सञ्चालन | पटक | २ | १० | ७०० | नगर/वडास्तरीय |
| २.४.८ न्यायिक समिति संस्थागत विकास कार्यक्रम | पटक | १ | ५ | ८००० | |
| २.४.९ बालमैत्री नगर घोषणा तथा संस्थागत विकास कार्यक्रम (दिगोपना रणनिति निर्माण समेत) | वडा | २ | ७ | १०००० | सबै वडा |
| २.४.१० बाल उद्यान निर्माण संचालन कार्यक्रम | संख्या | ० | ९ | ९००० | वडास्तरीय |
| २.४.११ ज्येष्ठ नागरिक तथा अपांगता परिचयपत्र वितरण कार्यक्रम | जना | ० | २५०० | १५०० | |
| २.४.१२ अपांगता भएका व्यक्तिको लागि सिप तथा क्षमता विकास | जना | ० | १०० | २००० | अपांगताको वर्गको आधारमा |
| २.४.१३ ज्येष्ठ नागरिक संरक्षण सचेतना अभियान | वस्ति | ० | १५० | ५०० | मिडिया, सडक नाटक, |
| २.४.१४ विपन्न महिला सहकारी पसल प्रर्द्धन कार्यक्रम | वटा | ० | २ | ५०० | विपन्न वर्गका महिलाले सञ्चालन गर्ने सहकारी |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| २.४.१५ ज्येष्ठ नागरिक आरोग्य केन्द्र स्थापना कार्यक्रम | वटा | ० | १ | १०००० | नगरस्तरीय |
| **प्रतिफल २.४ को जम्मा** | | | | **५८९००** | |
| **प्रतिफल २.५ सिर्जनशिल तथा व्यवसायिक युवाशक्तिको विकास र परिचालनमा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| २.५.१ नगरस्तरीय स्टेडियम निर्माण | संख्या | ० | १ | १००००० | नगरस्तरीय |
| २.५.२ सामुदयिक सूचना तथा सेवा सहजिकरण केन्द्र व्यवस्थापन | संख्या | १ | ९ | ९०० | वडास्तरीय |
| २.५.३ वडास्तरीय खेलकुद मैदान स्तरोन्नति कार्यक्रम | वटा | ८ | ८ | ४००० | वडास्तर |
| २.५.४ पर्सागढी गोल्डकप | पटक | ० | ५ | ३००० | |
| २.५.५ युवा क्षमता विकास कार्यक्रम (बैदेशिक रोजगार तथा स्वरोजगार तलिमहरु) | जना | ० | ५००० | १०००० | नगरस्तरीय |
| २.५.६लोकसेवा तयारी कक्षा सञ्चालन | जना | ० | ५०० | २५०० | युवा वर्ग |
| २.५.७ खेलकुद एकेडेमी गठन तथा सञ्चालन कार्यक्रम | वटा | ० | १ | १०० | निजि क्षेत्रलाई प्रवर्द्धन गर्ने |
| **प्रतिफल २.५ को जम्मा** | | | | **१२०५००** | |
| **प्रतिफल २.६ स्थानीय कला तथा संस्कृतिको पहिचान र संरक्षण एवं प्रवर्धन भएको हुनेछ।** | | | | | |
| २.६.१ धार्मिक तथा साँस्कृतिक संग्राहलय स्थापना | वटा | ० | १ | २५०० | नगरस्तरीय |
| २.६.२ पर्सागढी युद्धकला तथा सँस्कृति प्रदर्शनी कार्यक्रम | पटक | ० | ५ | १०००० | निजिक्षेत्रको प्रायोजनका लागि समन्वय गर्ने |
| २.६.३ पर्सागढी डकुमेन्ट्री निर्माण | पटक | ० | १ | १५ | |
| २.६.४ धार्मिक मेला प्रवर्द्धन कार्यक्रम | पटक | ० | १५ | १५०० | आमोदेवी, कोइलाभार, पर्सागढी |
| २.६.५ स्थानीय भाष साहित्यिक प्रतियोगिता | पटक | ० | ५ | ५०० | नगरस्तरीय |
| **प्रतिफल २.६ को जम्मा** | | | | **१४५१५** | |
| **सामाजिक कुल जम्मा** | | | | **१०७७०८५** | |
| **३ पूर्वाधार विकास** | | | | | |
| **प्रतिफल ३.१ : यातायात सुचारु तथा आगमनमा बृद्धि भएको हुनेछ।** | | | | | |
| ३.१.१. पक्की सडक | कि.मि | १४.८५ | ३७.६५ | ३५०००० | **बार्षिक ७.५ कि.मि. का दर दरले ३७.६५ कि.मि. सडक पिच गर्ने** |
| ३.१.२. ग्राभेल सडक | कि.मि. | ७६.८७ | ४१.६९ | ८२००० | **प्राथमिकता अनुसार बार्षिक ८ कि.मि.का दरले सहायक संरचना सहित ४१.६९ कि.मि. धुले सडककलाई ग्राभेल गर्ने** |
| ३.१.३. सडक मर्मत संभार | कि.मि. | ० | ५७ | ६८५०० | **सहायक संरचना सहित B र C Type का सडकहरु ५७ कि.मि. नियमित र आवधिक मर्मत संभार गर्ने** |
| ३.१.४.सडक पुल | वटा | ३ | ९ | ४५०००० | **९ वटा सडक पुल निर्माण गर्ने**<br>● जनता सडकको फन्टीखोला, मेघाखोला, फोकाहा खोलामा ३ वटा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| | | | | | • थरुहट सडकमा फन्टीखोला, फोकाहा खोला २ वटा<br>• चैनपुर तिलावे मसहीमाई, सिंगायाही पंचरुखी सडकको तिलावे र सिगायाही खोलामा २ वटा<br>• हरपुर सुखीपुल हुँदै पर्सागढी स्थान वागेश्वरी सडकको तिलावे र सिगायाही खोलामा २ वटा |
| ३.१.५. झोलुङ्ग पुल | वटा | १ | २ | ८००० | **३ स्थानमा झोलुङ्ग पुल निर्माण गर्ने**<br>• वडा नं ६ को मसईमाई थान जाने बाटोमा<br>• कटहरिया देखी उत्तरतर्फ जाने भरौदा खोलामा |
| ३.१.६. सडक कल्भर्ट निर्माण | स्थान | २२ | ४६ | ६९००० | • १७ स्थानमा स्ल्याव कल्भर्ट निर्माण गर्ने<br>• ११ स्थानमा कजवे निर्माण गर्ने<br>• १८ स्थानमा पाइप कल्भर्ट निर्माण गर्ने |
| ३.१.७. वसपार्क निर्माण | स्थान | ० | १ | ५०००० | • वडा न. १ र ९ को  मनुवामा बसपार्क निर्माण गर्ने |
| ३.१.८. नगर यातायात गुरुयोजना अद्यावधिक | पटक | ० | १ | २००० | आवधिक योजनाको चौथो बर्षमा |
| ३.१.९. सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) | आयोजना | ० | ५ | २००० | **A Type का २८ कि.मि. सडकहरुको डिपिआर तयार गर्ने**<br>• गण्डक नहर पचरुखी हरपुर वर्णिहार सडक ( ४.५ कि.मि.)<br>• थरुहट सडक (७.८ कि.मि)<br>• वहुदरमाई सिमाना देखी वागेश्वरी एकटाँगा तेलिया हुँदै मनुवा बजार सडक (९.२४ कि.मि.)<br>• चैनपुर तिलावे मसहीमाई, सिंगायाही पंचरुखी सडक ( २.८८ कि.मि.)<br>• हरपुर सुखीपुल हुँदै पर्सागढी स्थान वागेव्यवरी सडक (४.२ कि.मि.) |
| **प्रतिफल ३.१ को जम्मा** | | | | **१०८१५००** | |
| **प्रतिफल ३.२: : बसोबास, बजार तथा सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ।** | | | | | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| ३.२.१. बजार केन्द्र व्यवस्थापन | स्थान | ० | २ | २००००० | पानी निकास नाली, सिटिलाइट, वसस्ट्याण्ड, पाकिङ्ग, सार्वजनिक शौचालय, संकलन केन्द्र, हरियाली खुल्ला स्थान आदी समेत २ वटा बजार केन्द्र व्यवस्थापन गर्ने<br>● वडा नं. १ मनवा<br>● वडा नं. ३ वडनिहार |
| ३.२.२. एकीकृत सेवासहितको नगर कार्यपालिका भवन तथा वडा कार्यालय भवन निर्माण (डिपिआर समेत) | वटा | ५ | ४ | १५०००० | नगर कार्यपालिका कार्यालय भवन निर्माण<br>● वडा नं. ८ हरपुर<br>वडा कार्यालय भवन निर्माण गर्ने<br>● वडा नं. २ को वाग्वानामा<br>● वडा नं. ४ को वर्वाटाँडी<br>● वडा नं. ७ को वागेश्वरी टोल<br>● वडा नं. ९ को वडेर्वा<br>हाल संचालित वडा कार्यालय भवन मर्मत तथा स्तरोन्नती गर्ने |
| ३.२.३. हाटबजार व्यवस्थापन (जग्गाको व्यवस्था, सेड निर्माण, खानेपानी शौचालय, पार्कीङ) | स्थान | ० | ३ | ३०००० | हाटबजार संचालन पूर्वाधार निर्माण गर्ने<br>● वडा नं. ४ को वर्वाटाँडी<br>● वडा नं. ५ को वहुअरवा<br>● वडा नं ८ को हरपुर |
| ३.२.४. भूकम्प प्रतिरोधी प्रविधि तथा भवन निर्माण तालिम | जना | ० | १०० | १००० | प्राविधिक कर्मचारी, निर्माण व्यवसायी र म्यासनका लागि छुट्टाछुट्टै तालिमको व्यवस्था गर्ने |
| ३.२.५. सुरक्षित आश्रयस्थल सहितको सामुदायिक भवन निर्माण | स्थान | १२ | २ | २०००० | संचालनमा रहेकालाई स्तरोन्नति गर्ने र थप २ स्थानमा नयाँ निर्माण गर्ने<br>● वडा नं. ६<br>● वडा नं. ९ |
| ३.२.६. ल्याण्डफिल साइट निर्माण | स्थान | ० | १ | ५०००० | संभाव्यता अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण (आईई) गरी उपयुक्त स्थानमा निर्माण गर्ने |
| ३.२.७. मनोरञ्जन तथा हरियाली पार्क निर्माण | स्थान | ० | ३ | १५००० | स्थानीय परिवेश र सँस्कृति झल्कने गरी पार्क निर्माण गर्ने<br>● वडा नं. १ को कोइलाभार<br>● वडा नं. ६ को पर्सागढी<br>● वडा नं. ४ आमोदेवि मन्दिर क्षेत्र |
| **प्रतिफल ३.२ को जम्मा** | | | | ४६६००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| **प्रतिफल ३.३: विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, पहुँच तथा उपयोगमा बृद्धि भएको हुनेछ ।** | | | | | |
| ३.३.१. विद्युत विस्तार कार्यक्रम | कि.मि. | ६० | ५ | १०००० | विद्युत प्राधिकरणसँग साझेदारीमा विद्युत पोल तथा लाइन विस्तार गर्ने तथा जिर्ण पोल तथा तार मर्मत गर्ने तथा क्षमता बृद्धि गर्ने |
| ३.३.२. वैकल्पिक उर्जा | चुल्हो संख्या | ३०० | २००० | ६०० | सुधारिएको धुवारहित चुल्हो निर्माण गर्न प्रोत्साहन अनुदान दिने |
| | सोलारसेट | ० | १०० | २५०० | • साझेदारीमा निर्माण अनुदान प्रदान गर्ने |
| | वायोग्यास | २०० | ५०० | ५००० | • प्रोत्साहन अनुदान दिने |
| ३.३.३.सोलार प्रणालीमा आधारित सडक वत्ती विस्तार | स्थान | ० | १२० | १२५०० | क वर्गका सडकहरुको मुख्य स्थानहरुमा जडान गर्ने |
| ३.३.४. सोलार व्याकअप प्रणाली स्थापना | संख्या | ० | १५ | ७५०० | नगरपालिका केन्द्र र वडा कार्यालयमा, स्वास्थ्य संस्थाहरुमा जडान गर्ने |
| ३.३.५. कृषि पकेट क्षेत्रमा कृषि विद्युतीकरण | स्थान | ० | २० | २०००० | विद्युत प्राधिकरणसँग साझेदारीमा गरी कृषि विद्युतीकरणको ट्रान्सफर्मर र लाइन विस्तार गर्ने |
| **प्रतिफल ३.३ को जम्मा** | | | | **५८१००** | |
| **प्रतिफल ३.४: सूचना प्रविधि र सूचनाको पहुँच र स्तर बृद्धि भएको हुनेछ ।** | | | | | |
| ३.३.१. नगर कार्यपालिका कार्यालयको इन्टरनेटको क्षमता बृद्धि तथा वडा कार्यालयमा वायर लेस इन्टरनेट र इन्ट्रानेट जडान र संचालन | स्थान | १ | १० | १००० | नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा |
| ३.३.२. जनप्रतिनिधि तथा कर्मचारीका लागि सूचना र संचार प्रविधि साक्षरता कार्यक्रम | पटक | ० | ५ | १००० | सबै वडामा |
| ३.३.३. पदाधिकारी र सेवाग्राही अन्तर संवाद कार्यक्रम | पटक | ० | ६० | ६०० | स्थानीय रेडियो र टिभि स्टेशनसँग |
| ३.३.४. MARS प्रणाली सहित एकीकृत सफ्टवयर स्थापना र संचालन ( योजना, प्रोफाइल, राजस्व, जिन्सी, सम्पत्ती कर आदी) | संख्या | ० | ५ | ६०० | ५ प्रकारका सफ्टवयरहरु र आवश्यकता अनुसार लिंक गर्ने |
| ३.३.५. नगर कार्यपालिका कार्यालयमा सर्भर र सिसीटिभी जडान | स्थान | ० | ६० | ६००० | नगर कार्यपालिका कार्यलयमा १, वडा कार्यालय ९, विद्यालयमा ३० वटा स्वास्थ्य संस्थामा ५ वटा र मुख्य बजार केन्द्र (मनवा, वर्णिहायर, वहुर्वा) १५ वटा गरी ६० स्थान |
| ३.३.६. सूचनामूलक एकीकृत मोवाएल एप्स् निर्माण (कृषि, पशु, शिक्षा, स्वास्थ्य, वातावरण र सूचनामूलक सन्देश) | पटक | ० | ५ | ५०० | कम्तीमा ५ वटा विषय क्षेत्र |
| ३.३.७. पर्सागढी नगर विकास बुलेटिन प्रकाशन र प्रसारण | पटक | ० | १० | १००० | नियमित प्रकाशन गरी विद्युतीय माध्यमबाट समेत प्रसारण गर्ने |
| ३.३.८. विषयगत शाखा, सेवा केन्द्र र विद्यालयमा इन्टरनेट सुविधा जडान र सेवा संचालन | वटा | ० | ५० | १००० | कृषि, पशु सेवा, स्वास्थ्य संस्था र माध्यामिक विद्यालयहरु |
| ३.३.९. पत्रकारिता वृत्ती विकास कार्यक्रम | पटक | ० | ५ | १००० | नगरपालिकामा क्रियाशिल पत्रकार र युवाहरु |
| **प्रतिफल ३.४ को जम्मा** | | | | **१२७००** | |
| **पूर्वाधार विकास कूल जम्मा** | | | | **१६१८३००** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | |
| **प्रतिफल ४.१: वनको वैज्ञानिक व्यवस्थापन, संचिती तथा हरियालीमा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| ४.१.१ ऐलानी जग्गाको पहिचान, नक्सांकन तथा व्यवस्थापन | विगाहा | ० | २१२ | ५०० | सवै वडा |
| ४.१.२ गुठीको जग्गा पहिचान तथा व्यवस्थापन | विगाहा | ० | ३०७ | ३००० | वडा ३ र ४ |
| ४.१.३ नर्सरी व्यवस्थापन | विगाहा | ० | १ | ५०० | सवै वडा |
| ४.१.४ प्राकृतिक खुला चिडियाखाना | वटा | ० | १ | ५००० | वडा नं. ३ |
| ४.१.५ जनचेतनामुलक कार्यक्रम | पटक | ० | १० | १००० | सवै वडा |
| ४.१.६ नदि नियन्त्रण तथा तटबन्ध | किमि | ० | ३ | ३५०० | वडा नं. ४ र ३ |
| ४.१.७ निजी बनको पैदावारको विक्रि वितरण प्रणालीमा सुधारात्मक नीति अबलम्बन गर्ने । | पटक | ० | १ | ३०० | नपा |
| ४.१.८ वन संरक्षण तथा व्यवस्थापन नीति नियम तर्जुमा | पटक | ० | १ | ५०० | नपा |
| ४.१.९ जडिबुटि उत्पादन, संकलन र प्रसोधन | पटक | ० | १ | ५००० | वडा १,२,३,४ |
| ४.१.१० वन व्यवस्थापन समितिसंग समन्वय गरी बन अतिक्रमण, रुख कटान तथा चोरी निकासी नियन्त्रण | पटक | ० | ५० | २५०० | नपा |
| ४.१.११ सार्वजनिक जग्गामा बृक्षारोपण | विगहा | २ | ३० | ५०० | सवै वडा |
| ४.१.१२ पिकनिक स्थलको निर्माण र व्यवस्थापन | स्थान | ० | २ | ५००० | वडा १ र ३ |
| **प्रतिफल ४.१ को जम्मा** | | | | **२७३००** | |
| **प्रतिफल ४.२: जल र जमीन संरक्षण र एकीकृत व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन क्षमतामा अभिवृद्धी भएको हुनेछ।** | | | | | |
| ४.२.१ सार्बजनिक पोखरी व्यवस्थापन | वटा | ० | ६ | १००० | वडा नं. २,३,४, ५, ६ र ७ |
| ४.२.२ व्यावसायिक माछा, भूरा उत्पादन र हाँस पालनको लागि पकेट क्षेत्र घोषणा | पटक | ० | १ | २००० | नपा (१७१ वटा पोखरी) |
| ४.२.३ सिमसार क्षेत्र सँरक्षण र व्यवस्थापन | विगाहा स्थान | ० | ८० | ४००० | वडा नं. १, २, ३, ४, ६, ७ र ९) |
| ४.२.४ सिंचाईको लागि बाँध निर्माण | स्थान | ० | ३ | २०००० | वडा नं. ३, ९ र १ |
| **प्रतिफल ४.२ को जम्मा** | | | | **२७०००** | |
| **प्रतिफल ४.३: नगरको पर्यावरणीय स्वच्छता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| ४.३.१ पूर्ण सरसफाई अभियान | पटक | ० | १० | १०००० | सवै वडा |
| ४.३.२ वृक्षारोपण तथा सरसफाई कार्यक्रमको निरन्तरता | पटक | ० | १० | ७०० | सवै वडा |
| ४.३.३ वातावरणीय पार्क स्थल निर्माण तथा व्यवस्थापन | वटा | ० | १ | ७००० | वडा नं. ३ |
| ४.३.४ ल्याण्डफिल साइटको व्यवस्थापन | संख्या | ० | १ | ५००० | न्पा |
| ४.३.५ फोहोर व्यवस्थापनका लागि डस्टविन विस्तार | संख्या | ० | १५० | ७७५ | सवै वडा |
| ४.३.६ गै.स.स.हरुको खोजी तथा कार्यक्रम सञ्चालनमा नीति निर्माण | पटक | ० | १ | ३०० | न्पा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७४/०७५ | कूल लक्ष्य (२०७९/८०) | | |
| ४.३.७ शवदाह गृहको निर्माण तथा व्यवस्थापन | संख्या | ० | २ | १५०० | झाप्रामा मंगोलियन, वढनियार बजारदेखि पूर्वपट्टी मुक्तिनाथ |
| ४.३.८ सार्वजनिक शौचालयको निर्माण | वटा | १ | १३ | २६०० | सवै वडा र चारवटा बजार क्षेत्र |
| ४.३.९ मरेका तथा छाडा बन्यजन्तुको व्यवस्थापन | स्थान | ० | ९ | १००० | नपा |
| **प्रतिफल ४.३ को जम्मा** | | | | **२८८७५** | |
| **प्रतिफल ४.४ विपद् जोखिम तथा क्षतिमा कमी हुनेछ ।** | | | | | |
| ४.४.१ मानव बन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम | किमि | ० | ४ | ५००० | वडा नं. १, २, ३ र ४ |
| ४.४.२ विपद व्यवस्थापन योजना तर्जुमा (DRR Plan) | पटक | ० | १ | १००० | नपा |
| ४.४.३ विपद व्यवस्थापन सम्बन्धी तालिम | पटक | ० | १० | १००० | सवै वडा |
| ४.४.४ विपद व्यवस्थापनका लागि उद्धार र राहत सामाग्रीहरुको व्यवस्थापन | पटक | ० | १ | ५००० | नपा |
| ४.४.५ विपद व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन | पटक | ० | ९ | १५०० | नपा |
| ४.४.६ एम्बुलेन्सको व्यवस्थापन | वटा | १ | ३ | २७००० | नपा |
| ४.४.७ वन कार्यालयसँग समन्वय गरी वन व्यवस्थापन | पटक | ० | ५ | ५०० | नपा |
| ४.४.८ सर्पदंस उपचार केन्द्रको स्थापना र जनचेतना कार्यक्रम | वटा | ० | १ | ८००० | नपा |
| ४.४.९ शितलहरवाट प्रभावितलाई सहयोग कार्यक्रम (लक्षित परिवार) | पटक | ० | ९ | १०००० | नपा |
| ४.४.१० भवन अचारसंहिताको पूर्ण पालना सचेतना कार्यक्रम | पटक | ० | १ | ५०० | नपा |
| ४.४.११ चट्याङ प्रतिरोधात्मक टावरको निर्माण | वटा | ० | १ | ५०० | नमुनाको लागि १ वटा |
| ४.४.१२ बारुण यन्त्र खरिद (सहकार्य) | वटा | ० | १ | १०००० | नपा |
| **प्रतिफल ४.४ को जम्मा** | | | | **७००००** | |
| **वन, वातावरण तथा विपद व्यवस्थापनको जम्मा** | | | | **१५३१७५** | |
| **५. सुशासन तथा क्षमता विकास** | | | | | |
| **प्रतिफल ५.१ स्थानीय ऐन, नीति, नियम र कार्यविधि तर्जुमा, प्रवोधीकरण तथा पालनामा अभिबृद्धि भएको हुनेछ ।** | | | | | |
| ५.२.१ स्थानीय ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा तथा प्रकाशन् र प्रवोधिकरण | संख्या | १५ | २८ | १५०० | नपा स्तर |
| ५.२.२ क्षतिपुर्ती सहितको नागरिक वडापत्र व्यवस्थापन कार्यक्रम | संख्या | ९ | १० | २३०० | नपा केन्द्र तथा सवै वडा (क्षतिपुर्ती सहित नागरिक वडापत्र निर्माण गर्ने, अध्यावधिक गर्ने, कार्यालय तथा सार्वजनिक स्थानमा राख्ने, संचारमाध्यम वाट प्रसारण सहित) |
